सर्वाधिक बिक्री हुने

# साप्ताहिक

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सबैको लागि सम्पूर्ण पत्रिका

• वर्ष १३ • अंक ११ • काठमाडौं, शुक्रबार, साउन ११, २०६४ • SAPTAHIK • Nepali National Weekly • Friday, July 27, 2007 • पृष्ठ २४ • मूल्य रु. ८/-




तस्बीर : साइबरसंसार डट कम

# फेसन थरीथरीका जिन्सको

● **संगीता कटुवाल**

आजभोलिका युवायुवतीहरूलाई फिटिङ जिन्समा स्टाइलिस पहिरनले स्मार्ट देखाउन सहयोग गरेको छ। यो मामिलामा युवाहरूको तुलनामा युवतीहरू अगाडि छन्। त्यसैले सहरबजारका बाटाहरूमा जिन्स पाइन्टसँगै सजिएर हिंड्ने युवतीहरू छ्यापछ्याप्ती देखिन्छन्।

कुनै जमानामा युरोप-अमेरिकाका कालिगढ, गाई, भेडा-बाख्रा गोठाला, घोडा चढ्ने युवाहरूले प्रयोग गर्ने जिन्स अहिले सबैको प्रिय पहिरन बनेको छ। कुनै बेला





...खरै चुज र बुटकट जिन्स ...छन्। उनलाई राम्रो डिजाइन भयो भने सस्तो-महँगो केही ...दैन।

...यिकाद्वय ऋचा र रेजिना ...त्र होइन, अन्य युवतीहरूबीच ...न्स अत्यन्तै प्रचलित छ। ... न्यूरोडमा जिन्स किनिरहेकी ... सजिता थापा आफूलाई ... ढाल्न जिन्स प्रयोग गर्छिन्। ...ज र बुटकट अहिलेको पपुलर ...। उनी समयसापेक्ष रूपमा ...प्रयोग गर्नुपर्ने मान्यता ... थापा भन्छिन्- 'जिन्स नै ...जनका लागि उपयुक्त पहिरन ...सोच्नु गलत हो। उनी ग्रन्ज ...नौपचारिक प्रयोजनमा मात्र ...र्छिन् भने चुज र बुटकट जुनसुकै प्रयोजनका लागि प्रयोग गर्छिन्। लोकप्रियता हेर्दा त जिन्सले नेपाली महिलाहरूको राष्ट्रिय पोसाक ढाका-चोली, फरियालाई ओझेलमा पारिदिएजस्तो देखिन्छ। बीस वर्षअघिदेखि टप क्लास सञ्चालन गर्दै आएका मनोज जोशी अहिले युवतीहरूमा जिन्सको क्रेज देखेर अचम्मित छन्। अहिले राजधानीमा जिन्स मात्रै बेच्ने पसल पाँच सयको हाराहारीमा छन्। त्यसैले जिन्स व्यवसायमा चर्को प्रतिस्पर्धा छ। जोशी युवतीहरू ब्रान्डमुखी नदेखिए पनि म्याचिङ जिन्स खोज्ने बताउँछन्।

आरबी कम्प्लेक्समा तीन वर्षदेखि लेडिज जिन्सको मात्रै व्यापार गर्दै आएका रमेशप्रसाद न्यौपाने सहरबजारका प्रमुख व्यापारिक स्थलहरूमा जताततै राखिएका जिन्स पाइन्ट हेर्दा नै यसको लोकप्रियता प्रस्ट हुने बताउँछन्। प्रायः सबैजसो पसलका डमीमा जिन्स नै चिरिच्याँट्ट पारेर सिंगारिएका देखिन्छन्। न्यौपाने भन्छन्- महिनैपिच्छे डिजाइनमा फेरबदल भैहरहन्छ, पहिले भेराइटी कम थिए, तर अहिले छ्यासमिस डिजाइन आउँछन्। न्यौपानेका अनुसार अहिले पसलहरू धेरै खुलेकाले प्रतिस्पर्धा बढी भयो तथा ग्राहकहरू छरिए, त्यसले गर्दा व्यापारमा कमी आएको छ, तर जिन्सको लोकप्रियतामा भने कुनै कमी आएको छैन। ग्राहकको चाहनाअनुरूप चल्न सके व्यापारमा कमी आउँदैन। होलसेल एवं खुद्रा जिन्सको कारोबार हुने स्थानहरूमा ठूलो परिमाणमा जिन्सको खपत हुन्छ, जहाँ भारतीयहरू प्रायः बेली पाइन्ट

बाँकी पृष्ठ २१ मा

## जिन्स...जिन्स...जिन्स...

'फेसनमा जे भए पनि टि-सर्टसँग जिन्स पाइन्ट वा हिपअप हाफ पाइन्ट नै कम्फर्टेबल अनुभव हुन्छ...' यो भनाइ १७ वर्षीया सपनाको हो, जिन्सको फाइदा बताउँदै उनी भन्छिन्-'जिन्स धेरै समयसम्म टिक्ने र फेसन कहिल्यै आउट डेटेड नहुने भएकाले पनि म प्रायः जिन्स नै किन्छु, चाहे त्यो महँगो नै किन नहोस्।'

वातावरणसँग सम्बन्धित प्रोजेक्टमा कार्यरत २१ वर्षीया दीपा शाक्य पनि अन्य युवती जस्तै पहिरनमा जिन्स पाइन्ट र इम्ब्राइडरी गरिएको टप्स तथा फिटिङ पेन्ट मन पराउँछिन्। 'कामको सिलसिलामा कहीले गाडी त कहिले बाइकमा सम्बन्धित ठाउँमा हतारमा पुग्नुपर्ने भएकाले मलाई जिन्स नै सजिलो लाग्छ'- दीपा भन्छिन्। जिन्स फेब्रिकमा पाइन्ट, ज्याकेट, टि-सर्टदेखि लिएर व्याग, पेटीदेखि वर्क गरिएको लेडिज जुत्तासम्म जताततै पाइन्छ। धरानका सडकहरूमा युवा-युवतीदेखि लिएर प्रौढसम्म जिन्समा ठाँटिएर हिंडेको देखिन्छ। ठूला डिपार्टमेन्टल स्टोरदेखि साना फुटपाथ पसलसम्म जिन्स पाइन्ट र ज्याकेटहरू सजिलै उपलब्ध हुन्छन्।

फेन्सी स्टोरतिर पनि अन्य पहिरनको ४ भागको २ भाग त जिन्सले नै ओगटेको हुन्छ। यसबाट पनि थाहा हुन्छ- जिन्सको क्रेज कति छ? १९ औं शताब्दीमा जब जिन्सको चलन सुरु भयो। त्यतिखेर यसलाई श्रमिकहरूले मात्र प्रयोग गर्थे। पूर्वी युरोपेली देशहरूमा जिन्सको फेसनले बजार ओगटेपछि सन् १९६० पछि जिन्सको प्रचलनमा एउटा क्रान्ति नै आयो। जिन्स धेरै डिजाइनमा पाइन थाल्यो। पहिले-पहिले नीलो रंगको जिन्स मात्र पाइन्थ्यो, तर पछि आएर डेनिम कपडाको चलनले गर्दा जिन्स सेतो, हरियो, खैरो, कालो, नीलो तथा हरियो रङमा पनि पाइन थाल्यो।

धरानका रेडिमेड कपडा व्यवसायीहरू अन्य पोलिस्टर, कटन वा अन्य फेब्रिकका भन्दा जिन्सका लाइट फुल सर्ट तथा ज्याकेटहरू विशेषगरी पुरुषहरूले बढी खरिद गर्ने कुरा बताउँछन्। साथै युवतीहरूले जिन्समा पाइन्ट, हाफपाइन्ट तथा फेसनमा आएका स्कर्ट बढी खरिद गर्छन्।

बाँकी पृष्ठ २१ मा

## क्यासेट

### आत्मपीडा



गायक विनय डंगोलको एकल गीतिसंग्रह 'आत्मपीडा' दर्शक-श्रोतामाझ आएको छ। डायमण्ड म्युजिकले बजारमा ल्याएको यो गीतिसंग्रहमा शब्द रचना, संगीत र स्वर गायक स्वयंको छ। म्युजिक एरेन्जमा बुद्ध सायमी र अनुपदास तथा अन्यले सहयोग गरेको यो संग्रहमा आठवटा गीत समावेश छन्।

### त्यस्तो साथी



ओपल इन्टरनेसनलले गीतिसंग्रह 'त्यस्तो साथी' बजारमा ल्याएको छ। देवदत्त भट्टको शब्द रचना तथा सामवेदको संगीतसुन्न पाइने यो संग्रहमा संगीत संयोजन मनोहर सुनाम, अमुल कार्कीढली र सामवेदको छ। गीतिसंग्रह त्यस्तो साथीमा कर्ण दास, स्वरूपराज आचार्य, कृष्णभक्त राई, समाल जगदीश, आनन्द कार्की, यम बराल, शैलेस सिंह तथा माण्डवी त्रिपाठीको स्वर सुन्न सकिन्छ।

### गुराँस



नेपाली तारा-१ मा तृतीय स्थान हासिल गरेका गायक रूपक डोटेलको पहिलो एकल गीतिसंग्रह 'गुराँस' श्रोतामाझ आएको छ। धौलागिरि क्यासेट सेन्टरले बजारमा ल्याएको उक्त गीतिसंग्रहमा आठवटा गीत समावेश छन्। संग्रहमा भीम थापाको शब्द छ भने संगीत सुरेश अधिकारी, अष्ट लामा र सुनील केसीको छ।

## रंगमञ्च

-दलित, जनजाति आदि पिछडिएको वर्गलाई होच्याएर होइन, समावेशी तरिकाले उनीहरूलाई समान अवसर दिएर अघि बढ्यो भने मात्र समाज विकास हुन्छ भन्ने मुख्य उद्देश्यसहित नाटक समावेशी लोकतन्त्र पाल्पा जिल्लाका सबै कुमाल बस्तीमा प्रदर्शन गरिएको छ। 'स्थानीय स्तरमा बनेका संघ, समूहमा कुमाल समुदायको अहिले पनि न्यून उपस्थिति छ, त्यसलाई सहभागिता बढाउन यो नाटक तयार गरेर गाउँ-गाउँ देखाइएको हो,' सामाजिक स्रोत विकास केन्द्र नेपाल, पाल्पाका कार्यक्रम प्रमुख चोपलाल गिरीले भने– 'अब समावेशी लोकतन्त्रको मात्र होइन, सविधानसभाका लागि पनि गाउलेहरूले नाटकको माग गरेका छन्।' 'हाम्रो मुख्य उद्देश्य पिछडिएको कुमालबस्तीमा जनचेतना जगाउनु हो,' नाटकका कलाकार गोपालबहादुर कुमालले भने। १० जना युवालाई गुरुकुल काठमाडौंले तालिम दिएपछि उनीहरू गाउँ-गाउँमा सडक नाटक प्रस्तुत गर्न पुगेका हुन्।

## ग्यालरी

-चिनियाँ जीवनशैली, धर्म-संस्कृति, ऐतिहासिक तथा पुरातात्त्विक महत्त्व झल्काउने तस्बिरहरूको प्रदर्शनी मंगलबार सम्पन्न भएको छ। 'क्यामेराबाट चिनियाँ जनजीवन' शीर्षक राखिएको उक्त प्रदर्शनीको उद्घाटन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री पृथ्वी सुब्बा गुरुङले गरेका थिए। मानवअधिकारका लागि चिनियाँ समाजले आयोजना गरेको उक्त प्रदर्शनीमा ग्रेटवाल, योद्धा, बौद्ध संस्कृतिका संरचना, शाही महल, दरबार आदि तस्बिर समावेश छन्। राष्ट्रिय सभागृहमा आयोजना भएको उक्त प्रदर्शनी गत शनिबार प्रारम्भ भएको थियो। प्रदर्शनीमा बदलिँदो चीनलाई समेत चिनाउने १ सय ८८ थान तस्बिर राखिएका थिए।

-युवा कलाकार अमर गुरुङको एकल चित्रकला प्रदर्शनी गत साता प्रारम्भ भएको छ। तेलरंग, पानीरंग, एक्रेलिक तथा सिसाकलमका माध्यमले बनाइएका विविध क्षेत्रलाई समेट्ने ३० वटा चित्र प्रदर्शनीमा छन्। प्रदर्शनीको उद्घाटन कलाकार शरद रञ्जितले गरेका थिए। प्रकृतिको सौन्दर्यमा रमाउने कलाकार गुरुङले प्रदर्शनीमा राखेका चित्रको मूल्य ५ हजारदेखि २० हजार रुपैयाँसम्म छ।

-स्वदेश तथा विदेशका ३३ जना कलाकारले तयार पारेका चित्रहरूको संयुक्त प्रदर्शनी सिद्धार्थ आर्ट ग्यालरी बबरमहलमा गत शुक्रबार प्रारम्भ भएको छ। बर्सेनि आयोजित हुँदै आएको उक्त प्रदर्शनीमा नयाँ तथा पुराना चित्रहरू राखिएका छन्। 'अमालगम' शीर्षकको प्रदर्शनीको उद्घाटन प्राध्यापक डाक्टर अभि सुवेदीले गरेका थिए। एक महिनासम्म चल्ने उक्त प्रदर्शनीमा पेन्टिङबाहेक धातुका मूर्तिसमेत राखिएका छन्।

-बालबालिकामा कलासम्बन्धी अभिरुचि जगाउने उद्देश्य राखेर सिर्जना कलेज अफ फाइन आर्ट्समा गत शुक्रबार अधिराज्यव्यापी पेन्टिङ प्रतियोगिता प्रारम्भ भएको छ। सिर्जना कलेज अफ फाइन आर्ट्स, सिर्जना कन्टेम्पोररी आर्ट ग्यालरी एवं सामुदायिक वातावरण तथा बालविकास संघको संयुक्त आयोजनामा भएको दुईदिने उक्त प्रतियोगितामा दुई दर्जन विद्यार्थी सहभागी छन्।

## पुस्तक

### नरमान

उपन्यासकार होमराज श्रेष्ठद्वारा रचना गरिएको उपन्यास 'नरमान' लाई पेरोल साहित्य प्रतिष्ठान, काठमाडौंले प्रकाशित गरेको हो। ५६+२० पृष्ठको यो उपन्यासको मूल्य ३० रुपैयाँ छ। उपन्यासका पाठकहरू रमाउन सक्ने आधार यो उपन्यासमा प्रशस्त छन्।

### दसगजावारि

कवि आर.एम. डंगोलका ६२ वटा फुटकर कविताको संग्रह 'दसगजावारि' लाई परिवेश प्रकाशन काठमाडौंले प्रकाशमा ल्याएको हो। १ सय १० पृष्ठको यो पुस्तकको मूल्य व्यक्तिगत ७५ रुपैयाँ तथा संस्थागत २ सय रुपैयाँ छ। गद्य कविताका पाठकहरूका लागि यो कविता संग्रह राम्रो खुराक हुनसक्छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

समयले साथ दिइरहेको छ। सुरुमा भाग्य चम्कनेछ भने धार्मिक कार्यमा मन जानेछ। सोच्ने शक्ति प्रवल हुनुका साथै व्यवसायमा लाभ देखिन्छ। यात्रा गर्ने अवसर जुट्नेछ। मान-सम्मान प्राप्त हुनाले मनोबल बढ्नेछ। धन आर्जन गर्ने अवसर मिल्नेछ। आफन्तहरूको भरोसा गर्नु त्यति उचित हुँदैन। स्वास्थ्यप्रति ध्यान दिनुपर्ने बेला छ। खानपानमा विचार पुऱ्याउनुहोला।

### वृष

अस्वस्थता बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घटने तथा घरेलु समस्याले सताउने देखिन्छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन् भने शत्रु बढ्ने छन्। सोमबारदेखि भाग्यले साथ दिन थाल्नेछ। धार्मिक कार्यमा रुचि तथा पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने योग छ। अरूबाट प्रशंसा पाउनुहोला।

### मिथुन

भेटघाटले प्रसन्नता बढाउने छ। यात्रा गर्ने अवसर जुट्नेछ। व्यवसायमा सफलता हात लाग्नेछ। पराक्रम बढ्ने तथा अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ। राम्रै आम्दानी हुन सक्छ। धार्मिक कार्यमा मन जानेछ। आइतबार, सोमबार तथा मंगलबार स्वास्थ्य गडबड रहन सक्छ। काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ।

### कर्कट

समस्याहरू देखापर्ने छन्। शत्रु तथा रोग बढ्ने सम्भावना छ भने सानोतिनो समस्याले पनि सताउन सक्छ। झूटा आरोप लाग्न सक्छ। धनमाल हराउने सम्भावना छ। विश्वासघात पनि हुन सक्छ। आइतबार, सोमबार तथा मंगलबार प्रसन्नता एवं स्फुर्ति बढ्ने छ। काममा सफलता मिल्ने योग छ। व्यवसायमा सुधार आउनेछ।

### सिंह

सोच्ने शक्ति एवं बौद्धिक क्षमता बढ्नेछ। अध्ययनमा सफलता मिल्नुका साथै अरूको विश्वास जित्न सकिनेछ। रमाइलो यात्रा हुन सक्छ। धार्मिक कार्यमा प्राप्त हुने सफलता कायमै रहनेछ। रोग तथा शत्रु बढ्ने हुँदा खानपान एवं बोलीमा विचार पुऱ्याउनु होला। खर्च अलि बढी नै हुनसक्छ।

### कन्या

आफन्तहरूको उचित सहयोग मिल्नेछ। घरेलु कामकाजमा रुचि एवं सोच्ने शक्ति बढ्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सुधार आउन सक्छ। शत्रुदेखि सजग रहनु होला। स्वास्थ्यको पनि ख्याल गर्नुपर्ने साता छ।

### तुला

पराक्रम बढ्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता मिल्नुका साथै अधुरा काम पूरा हुनेछन्। आफन्तहरूको सहयोग पाइनेछ। अध्ययनमा सुधार आउनेछ। यात्रा गर्ने अवसर तथा व्यवसायमा सफलता मिल्नेछ। धन आर्जन हुने छ भने अरूबाट प्रशंसा पनि पाउनुहोला। बोलीको प्रभाव बढ्नेछ। शत्रु कमजोर हुनेछन्।

### वृश्चिक

बोलीको प्रभाव तथा पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ। अध्ययनमा प्राप्त हुने सफलता यथावत् रहनेछ। व्यवसाय बढ्ने तथा यात्रा हुने देखिन्छ। स्वास्थ्यमा सुधार आउनेछ भने आम्दानी पनि बढ्नेछ। ठूला व्यक्तिबाट प्रशंसा पाउनुहोला। पहिलो भेटमै अरूको सहयोग प्राप्त हुनेछ।

### धनु

भोज-भतेरमा सामेल हुने अवसर जुट्नुका साथै मान सम्मान पनि पाउनुहोला। सभा-सम्मेलनतिर सहभागिता जनाउने अवसर मिल्नेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। राम्रै आम्दानी हात पर्नेछ। स्वास्थ्यतिर ध्यान दिनुपर्नेछ भने अरूको विश्वास नगर्नु नै उचित हुन्छ।

### मकर

खर्च एवं विवाद बढ्नेछ भने काममा अवरोध आउनुका साथै चिन्ता बढ्ने योग छ। स्वास्थ्य गडबड रहनाले काम बिग्रन सक्छ। शत्रुले सताउन सक्छन्। आइबारदेखि मान-सम्मान मिल्ने तथा भोज-भतेरमा सामेल हुने अवसर जुट्नेछ। धन आर्जन पनि हुन सक्छ। पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुन सक्छन्।

### कुम्भ

धन आर्जन गर्ने अवसर मिल्नेछ। सोच्ने शक्ति एवं पराक्रम बढ्नेछ। अध्ययनमा सफलता मिल्नुका साथै बोली प्रभावशालि हुनेछ। धार्मिक यात्राको सम्भावना छ। आफन्तहरूको उचित सहयोग जुट्नेछ। भोज-भतेरमा संलग्न हुन पाइनेछ। आइतबार तथा सोमबार खर्च, विवाद, एवं चिन्ता बढ्ने योग छ।

### मीन

मानसम्मान मिल्नेछ। अरूबाट प्रशंसा पनि पाउनुहोला। धार्मिक एवं घरेलु कार्यमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अध्ययनमा सुधार आउनुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। बुधबार तथा बिहीबार खर्च एवं विवाद बढ्नेछ। काममा अवरोध आउनाले मन चिन्तित रहन सक्छ।

## यो साताको पञ्चाङ्ग

साउन १४ गते : गुरुपूर्णिमा

## साता संक्षेप

**साउन ४–** देशभर झाडापखालाको प्रकोप, दुई महिनामा ५२ को मृत्यु, दूषित पानी शुद्ध बनाउने उपाय थाहा नपाएका कारण यो अवस्था आएको दावी ।

- तराईमा १५ प्रतिशत पनि रोपाईं भएन, गत वर्ष यही समयमा ५० प्रतिशत रोपाई सकिएको कृषि विकास कार्यालयको भनाइ ।
- निर्वाचन आयोगमा थप ६ दल दर्ता भए, आयोगमा दर्ता हुने दलहरुको संख्या ४६ पुग्यो ।
- तराईका गाविसमा काम ठप्प, गाविस सचिवको हत्या भएको प्रति अनविन चिन्तित ।
- तरुण दल (प्रजातान्त्रिक) को अध्यक्षमा महेन्द्र यादव निर्वाचित ।

**साउन ५–** कोरियासँग श्रम सम्झौताका लागि श्रम तथा यातायात व्यवस्था राज्यमन्त्री रमेश लेखक कोरियातर्फ, यो वर्ष ५ हजार युवा कोरिया जाने ।

- सूचनाको हकसम्बन्धी विधेयक पारित, सूचना नदिने अधिकारीलाई २५ हजार रुपैंया तथा विभागीय कारवाही गर्ने व्यवस्था ।
- वैदेशिक रोजगार व्यवसायीहरूद्वारा सिंहदरबार तथा श्रम राज्यमन्त्री घेराउमा, विभागको काम प्रभावित, प्रस्तावित ऐनमा २५ लाख रुपैयाँ नगद तथा थप २५ लाख रुपैयाँ बैंक ग्यारेन्टीको व्यवस्था हुन नहुने जिकिर ।
- हरिया-हथौडा चिह्न नेकपा (माओवादी) लाई चुनावी प्रयोजनका लागि नदिन निर्वाचन आयोगसँग नेकपा (एमाले) को आग्रह ।

**साउन ६ –** आठ दलले संविधानसभाका लागि देशव्यापी अभियान थाल्ने, शान्ति तथा पुनःनिर्माण एवं गृहमन्त्री तराईका जिल्लामा ।

- बाढीका कारण वीरगन्जका चार वडा डुबानमा, बाँकेका पाँच गाविस पनि प्रभावित ।

– निर्वाचन आयोगद्वारा काठमाडौंको फर्पिङमा नमुना निर्वाचन, ४ घण्टामा ५ सय ८८ मत खस्यो ।

- विदेशी व्यवस्थापनमा सञ्चालन भैरहेको नेपाल बैंकको करार रद्द गर्ने घोषणा, कर्मचारी युनियन तथा राष्ट्र बैंकले सहयोग नगरेको गुनासो ।

**साउन ७–** माओवादी मन्त्रीद्वारा नेपाली सेनाद्वारा पठाइएका अङ्गरक्षक अस्वीकार, सेनाद्वारा आश्चर्य व्यक्त ।

- बाढीका कारण महोत्तरीका केही क्षेत्र डुबानमा, सडक अवरुद्ध, दर्जनौं परिवार विस्थापित ।
- प्रहरी अतिरिक्त महानिरिक्षक (एआईजी) सहित १ सय ४७ प्रहरी अधिकृत सरुवा, शान्ति सुरक्षालाई व्यवस्थित गर्न सरुवा गरिएको गृह मन्त्रालयको टिप्पणी ।
- माओवादी निकट अखिल नेपाल सञ्चार, छापाखाना र प्रकाशन मजदुर संघले सञ्चारगृहमाथि गरेको आक्रमणको चौतर्फी भर्त्सना, सरकारविरुद्ध आन्दोलन गर्न बाध्य हुने मिडिया सोसाइटीको चेतावनी ।

**साउन ८ –** माओवादी निकट पत्रिका वितरकहरूले सञ्चारमाध्यममा पुऱ्याइरहेको अवरोधप्रति अमेरिकी दूतावासद्वारा निन्दा ।

- देशका थप तीन स्थानमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने सरकारको तयारी भएको अर्थमन्त्रीको खुलासा । लुम्बिनी, पोखरा तथा निजगढ छनौटमा परे ।
- दुई कांग्रेसबीच एकताको लागि सैद्धान्तिक सहमति ।
- तराईमा अदालती काम बन्द, गाविस सचिवहरू काठमाडौं आए ।

**साउन ९–** चीन नेपाललाई सहुलियत दरमा १३ अर्ब ऋण दिन तयार, संविधानसभा तथा सडक निर्माणका लागि थप एक अर्ब अनुदान दिने ।

- कर्मचारीहरूद्वारा सरकारी कार्यालय ठप्प, प्रधानमन्त्रीद्वारा सरकारलाई सघाउन आग्रह गरेपछि आन्दोलन फिर्ता ।
- सभामुखद्वारा सरकारलाई रायमाझी आयोग अविलम्ब सार्वजनिक गर्न रुलिङ् ।
- माओवादी सेनाको रोकिएको प्रमाणिकरण साउन अन्तिम साताबाट प्रारम्भ गर्ने सहमति ।
- बाँकेको दुर्गम गाउँ काँडामा अज्ञात रोगबाट ९ बालबालिकासहित ११ को मृत्यु, ७ को स्थिति चिन्ताजनक, काठमाडौंबाट गएको चिकित्सक टोलीले पनि रोग पत्ता लगाउन सकेन ।
- नेकपा (माओवादी) ले नयाँ निर्वाचन चिह्न पायो ।

## संविधानसभा व्यक्ति-अभिव्यक्ति

संविधानसभामा म्यादी प्रहरी थप्नु हुँदैन भन्ने तर्क गहकिलो छ । म्यादी प्रहरीले अहिलेको अवस्थामा सुरक्षा दिन सक्तैन, किनभने यिनीहरू साधारण तालिमबाट केही समयका लागि मात्र आएका हुन्छन् । तराईमा झन्डै एक दर्जन सशस्त्र विद्रोही भएकाले पनि म्यादी प्रहरीहरूको काम छैन । बरु सकिन्छ भने संयुक्त राष्ट्रसंघको नेतृत्वमा विदेशी सेना परिचालन गर्न सकिन्छ । यस्ता सुरक्षाकर्मीहरू निष्पक्ष एवं तालिम प्राप्त हुन्छन् । यसरी सुरक्षा दिँदा नेपालभरि एकै दिनमा निर्वाचन गर्नुपर्छ । यो सम्भव पनि छ ।

**पशुपतिशमशेर राणा, अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी**

नेकपा (माओवादी) ले इमान्दारिताका साथ संविधानसभाको निर्वाचन चाहेको छैन । यदि छ भने उसले त्यो देखाउनुपर्छ । कार्य र व्यवहार निर्वाचनमुखी बनाउनुपर्छ । त्यसो गर्ने हो भने निर्वाचन सम्भव छ । होइन, मुखले मात्र संविधानसभा भन्ने हो भने बिग्रँदो शान्ति-सुरक्षा एवं आठ दलबीच बढ्दै गएको विवादले यसलाई थप जटिल बनाउँछ । त्यसैले निर्वाचनका लागि तीन कुरा छन्, आठ दलको एक स्वर, माओवादीमा संविधानसभाप्रति रुचि तथा शान्ति-सुरक्षा ।

**विजयकुमार गच्छदार**
**नेता, नेका (प्रजातान्त्रिक)**

मजस्ता मधेसीलाई संविधान-सभा निर्वाचनको खाँचो छ । जयकृष्ण गोइत, उपेन्द्र यादव, नगेन्द्र पासवान (ज्वाला सिंह) जस्ता नेतालाई त संविधानसभाको झन् ठूलो खाँचो छ । म त संविधानसभाविना मधेसको भविष्य नै देख्दिनँ । यस्तो महत्त्वपूर्ण अन्यौलमा रहन्छ । तराईमा उठेको आन्दोलनलाई माओवादीले नकारात्मक रूपमा हेर्न नछाड्ने हो भने समस्या आइरहन्छ । यदि ऊ मधेस समस्या समाधान गर्न चाहन्छ भने उसले अहिले चलिरहेको आन्दोलन-कर्ताहरूलाई सम्मानको दृष्टिले हेर्नुपर्छ ।

**होमनाथ दाहाल**
**नेता, नेका (प्रजातान्त्रिक)**

संविधानसभाको निर्वाचन अवसरलाई उहाँहरूले क्यास गर्न सक्नुपर्छ । छुट्टै देश भनेर हिँड्दा त्यसले उहाँहरूको भविष्य र जसका लागि आन्दोलन गर्दै हुनुहुन्छ, उनीहरूको भविष्य नै खतरातर्फ जान्छ ।

**एपी यादव, निर्वाचन आयुक्त**

यदि आठ दलले निर्वाचन गराउन सकेन भने त्यो देशका लागि दुर्भाग्य हुनपुग्छ । त्यसपछि हिन्दीमा उखान छ नि 'आगे तलाउ पिछे कुवा', त्यस्तै हुन्छ । त्यो भनेको के हो भने न त अगाडि जान सकिन्छ, न त पछाडि नै हट्न सक्छ । देश सधैंभरिको संसदीय निर्वाचनजस्तो बहुमतको सरकार बनाउने निर्वाचन होइन । यो त संविधान बनाउने निर्वाचन हो । दलहरू भने यसलाई संसदीय निर्वाचनकै रूपमा आफ्नो पार्टीको जित-हारका रूपमा लिइरहेका छन् । मुख्य दलहरू त बहुमत आउने भयो भने संविधानसभाको निर्वाचन गराउने, नभए निर्वाचन नै नगराउने मनस्थितिमा पुगेका छन् ।

**डा. नारायण खड्का**
**नेता, नेका (प्रजातान्त्रिक)**

मसँग कसैले संविधानसभाको निर्वाचन भाँडिन्छ भनेर कुरै नगर्नुहोस् । यो निर्वाचन सरकारले गराएरै छाड्छ, किनभने यो नेपालीहरूको राष्ट्रिय पर्व हो । यदि कसैले मधेसमा चलिरहेको सशस्त्र आन्दोलनका कारण निर्वाचनलाई अप्ठचारो पर्छ भन्छ भने म के दावी गर्छु भने उहाँहरूको जायज माग साउनभित्र पूरा गर्न वार्ता सुरु हुन्छ । उहाँहरूको माग पूरा गरेपछि पनि शान्ति-सुरक्षामा चुनौती आयो भने सरकारको गृह प्रशासन चुस्त गतिमा आफ्नो कार्य गर्न पछि पर्दैन ।

**कृष्णप्रसाद सिटौला, गृहमन्त्री**

संविधानसभा निर्वाचनमा सेना परिचालन गर्न सकिन्छ तर यो आठ दलको सहमतिमा मात्र हुन्छ । अहिलेको शान्ति-सुरक्षाको अवस्था हेर्दा सेना परिचालन गर्नुपर्छ कि भन्ने आशंका उब्जिएको हो तर सेनासँगै माओवादी सेना तथा प्रहरीसँगै वाइसिएललाई प्रयोग गर्नुपर्छ भन्ने माओवादीको जुन सोंच छ, त्यो पूरा नहुने सोंच हो । स्वयंसेवकका रूपमा वाइसिएलले काम गर्न सक्छ तर सुरक्षाको काम सरकारी सेना र प्रहरीकै हो ।

**माधवकुमार नेपाल**
**महासचिव, नेकपा (एमाले)**

## चिठीपत्र

### शैक्षिक नीतिमा परिवर्तनको खाँचो

भनिन्छ, सौभाग्य सान्है कम मात्र आउँछ र दुर्भाग्यले चाहिं वारम्बार पछ्याइरहन्छ । नेपालको शिक्षाक्षेत्रमा यो भनाइ पटक-पटक प्रमाणित भैरहेको छ । माग पूरा गराउने बहानामा बारम्बार विद्यालय बन्द गरिनु, परीक्षामा नम्बर थोरै आयो भनेर पढ्ने कलेज तथा विभागका कार्यालयहरूमा नै तोडफोड र आगजनी गर्नु यसैका प्रमाण हुन् । अहिले समाजमा देखिएका तमाम कमी-कमजोरी तथा विकृतिका कारक तत्त्व अरू केही नभएर गलत किसिमको शिक्षानीति तथा अदूरदर्शी शैक्षिक नेतृत्व नै हो । जसको उपचार सही किसिमको शिक्षाप्रणाली तथा शैक्षिक नेतृत्वबाट मात्र सम्भव छ । आज नेपालीलाई त्यस्तो शिक्षाको आवश्यकता छ, जसले व्यावहारिक ज्ञान दिन सकोस्, उत्पादकत्व वृद्धि गराओस्, वैज्ञानिकतालाई आत्मसात् गरोस् तथा नैतिक मूल्य-मान्यता सुदृढ गरोस् । यसरी नै हाम्रो शिक्षाले हामीलाई आफ्नो धर्म, संस्कृति, परम्परा, रीतिरिवाज, भाषा आदिका बारेमा सुशिक्षित तथा सचेत तुल्याउनुपर्छ । कर्तव्यपरायणता तथा इमान्दारिताको आत्मचेतले आफ्नो समाजलाई उजिल्याउन सक्ने शिक्षा हामीलाई चाहिएको छ । त्यसैले हाम्रो शिक्षामा आधुनिक वैज्ञानिक आविष्कार तथा दार्शनिक सिद्धान्तका साथै वेद, उपनिषद्, गीता तथा बुद्धका उपदेश, पृथ्वीनारायणको दिव्योपदेश आदि समावेश हुनैपर्छ ।

**–विश्वमणि अधिकारी**
**(पुरस्कृत पत्र)**

### नेपालको जलविद्युत

नेपाल जलस्रोतका दृष्टिले ब्राजिलपछिको विश्वकै सबैभन्दा धनी देश । नेपालको ८३ हजार मेगावाट जलविद्युत् निकाल्ने क्षमता छ तर हामी नेपालीको दुर्भाग्य भनौं कि के भनौं ? नेपालले अझसम्म जम्मा १ हजार मेगावाट जलविद्युत्समेत निकाल्न सकेको छैन । जलस्रोतको दृष्टिले धनी देशमा हामी सोझा-निमुखा जनताले लोडसेडिङको मार खेप्नु परेको छ । एक्काइसौं शताब्दीमा आएर पनि अँध्यारोमा बस्न बाध्य हुनु दुर्भाग्यकै कुरा हो । हामी नेपालीले उज्यालोमा बस्न पाउने कुरा आशामात्रै रह्यो ।

राति पढ्न तथा केही काम गर्न बस्यो झ्याप्प बिजुली जान्छ अनि मैनबत्ती खोज्न हिंड्नुपर्छ । एकछिनपछि बिजुली आउँछ अनि मैनबत्ती निभायो, फेरि बत्ती जान्छ, बेकारमा समयको बर्बादी । मैनबत्ती नै पनि कति टिक्छ र, सकिइहाल्छ । मैनबत्तीको भरमा काम गर्ने जाँगर पनि आउँदैन । अनि भोलिवादको सिद्धान्तलाई आत्मसात् गर्दै भोलि काम गरौंला भन्दै सुत्यो । यही हो हाम्रो दिनचर्या र यस्तै कामले गर्दा पनि हाम्रो देश पछि परिरहेको छ । यस्तो संस्कारलाई परिवर्तन गर्न लोडसेडिङ रोक्नुपर्छ तथा सबै समयमा विद्युत् उपलब्ध हुनुपर्छ । देशलाई समुचित रूपमा विकास गर्न सरकारले विद्युत् उत्पादनलाई प्राथमिकता दिनुपर्छ ।

**–सागर शर्मा, वनस्थली, काठमाडौं**

### अति भयो बन्दको राजनीति

भनिन्छ, 'नेपाल द्वन्द्व, गन्ध र बन्दले दिन-प्रतिदिन बिग्रिरहेको अवस्थामा छ ।' नेपालमा बन्दको खेती र यसको राजनीतिले सीमा नाघेको अवस्था छ । जसले पनि आफ्नो माग [redacted] नाममा नेपाल बन्दलाई [redacted]यारका रूपमा प्रयोग [redacted] अरू कुनै विकल्प नै छैन कि क्या हो ? विनासूचना अचानक दुई-चार जनाले बन्द भनिदिँदा बन्द हुने अवस्था सिर्जना हुनु आमनेपालीका लागि दुर्भाग्य नभए अरू के हो र ? आमजनताले कसले, किन र केका लागि बन्द गरिएको भन्ने जानकारीसमेत नपाई बन्द भैदिँदा आमनेपाली जनता र राष्ट्रले बेहोर्नुपरेको क्षतिको मूल्यांकन कसले गर्ने ? सरकारले पनि बन्द कार्यक्रम आयोजना नगरी उनीहरूको माग नसुनिदिने र बन्द आयोजना गर्नेले पनि सम्पूर्ण वर्गको जनजीवन र गतिविधिलाई बेवास्ता गर्दै अचानक बन्दजस्तो हतकण्ठा अपनाउँदा सबैले खेप्नुपरेको सास्तीको वर्णन गरेर साध्य हुन्छ । यातायात व्यवसायीको घाटा, विद्यार्थीको पढाइ अवरुद्ध र उनीहरूको भविष्यप्रति खेलबाड, आमजन-समुदायले खेप्नुपरेको सास्ती, व्यापारीवर्ग तथा राष्ट्रले बेहोर्नुपरेको घाटा आफैंमा डरलाग्दो छ । यस्ता गतिविधिकै कारण राष्ट्र नै अँध्यारोतर्फ धकेलिएको तथ्यले के संकेत गरिरहेको छ ? बन्दको राजनीति अति भयो भन्ने आवाज बिस्तारै उठिरहेको परिप्रेक्ष्यमा बन्द गर्ने प्रक्रिया सधैंका लागि बन्द गरे कसो होला ?

**–रेसमकुमार सुनुवार**

### लोकतन्त्रमा आन्दोलन बढी

लोकतन्त्र स्थापना भएको पनि सवा वर्ष नाघिसकेको छ तर पनि देशमा अमन चयन स्थापित हुन सकेको छैन । विभिन्न मागहरू राखी मन्त्रीदेखि लिएर तल्लो निकायका कर्मचारीहरू समेत आन्दोलनमा उत्रिएका छन् । अझ तराईमा त हरेक दिन कुनै न कुनै बहानामा बन्द भैरहेका छन् । त्यस्ता कार्यहरू सरकारले नियन्त्रण गर्न सकिरहेको छैन । यसमा लोकतन्त्र ल्याउन अघि सरेका निर्दोष जनताको के दोष ? उनीहरूले बन्दले गर्दा दुई छाक समेत खान पाइरहेका छैनन्, खोइ तिनको अधिकार ? के यही हो लोकतन्त्र ?

**टीकाराम अर्याल, स्याङ्जा**

- कल्पनाविहीन कर्मले हामीलाई अकर्मण्य बनाइदिन्छ ।

**विष्णु भुसाल, अर्घाखाँची**

- सपना मानिसको भविष्य हेर्ने ऐना हो ।
- जुन मानिसले गल्ती गर्दैन, त्यो मानिस मानिस होइन । जुन मानिसले गल्ती गरिसकेपछि त्यसलाई महसुस गर्दैन ऊ पनि मानिस होइन ।
- ठक्कर खाएपछि मात्र मानिस सतर्क हुन्छ ।

**ऐश्वर्य श्रेष्ठ, भोजपुर**

- समय हामी सबैको शिक्षक हो ।
- जीवनका हरेक क्षण खुसी रहन सक्नुपर्छ । क्षणिक दु:ख-कष्टलाई बिर्सनुपर्छ ।
- क्षणिक सुखमा फसेर कुमार्गमा लाग्नु राम्रो होइन ।
- केही लिनमा भन्दा दिनमा सुख मान्न सक्नुपर्छ ।

**कृष्णजी थापा, भक्तपुर**

- काल्पनिक प्रेमको जग हुँदैन ।
- प्रेम कसैले गर्छु भनेर हुने चीज होइन ।
- प्रेम आँखाले होइन, हृदयले गर्छ । त्यसैले प्रेम अन्धो हुन्छ ।
- प्रेम आगोको ज्वाला हो, ताप्न जाने न्यानो दिन्छ होइन भने आफैंलाई जलाउँछ ।
- प्रेम गर तर प्रेममा नमर ।

**तोरण गुरुङ, स्याङ्जा**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

***–सम्पादक***

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऔं साप्ताहिक पत्रिकाहरु पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल







## कान्तिपुर समाचार डायरी

### जोखिमपूर्ण सूचीबाट काठमाडौं मुक्त

युनेस्कोले काठमाडौंलाई जोखिमपूर्ण सम्पदा क्षेत्रको सूचीबाट हटाएको छ। बढ्दो सहरीकरण र अतिक्रमणका कारण चेपुवामा परेका पुरातात्त्विक महत्वका मन्दिर तथा स्मारकहरूलाई बचाउन युनेस्कोले काठमाडौंलाई सन् २००३ मा त्यस्तो सूचीमा सूचीकृत गरेको थियो। हनुमानढोका दरबार, पाटन दरबार, भक्तपुर दरबार, स्वयम्भू, बौद्धनाथ, पशुपतिनाथ र चाँगुनारायणसहित काठमाडौं उपत्यकालाई युनेस्कोले सन् १९७९ मा विश्व सम्पदा सूचीमा सामेल गरेको थियो।

### लागूऔषध प्रयोगकर्ता दुई लाख

नेपालमा अहिले लागूपदार्थको संख्या २ लाख पुगेको अनुमान छ। सन् ६० को दशकमा नेपालमा लागूपदार्थ प्रयोग सुरु भएको विश्वास गरिएको छ। त्यसबेला नेपालमा ५० जना मात्र लागूपदार्थ दुर्व्यसनी थिए। नेपालका अधिकांश प्रयोगकर्ताले सुईमार्फत लागूपदार्थ लिने गरेका छन्। तीमध्ये ४० प्रतिशत लागूपदार्थ दुर्व्यसनी एचआईभी संक्रमित रहेको अनुमान छ।

### ९ अर्ब ६१ करोडको औषधी खपत

आर्थिक वर्ष २०६२/०६३ मा नेपालमा ९ अर्ब ६१ करोड रुपैयाँ बराबरको औषधी खपत भएको एक अध्ययनले देखाएको छ। ती औषधीमध्ये ३० प्रतिशत अंश एन्टिबायोटिक औषधीको छ। अध्ययनअनुसार नेपालमा खपत हुने औषधीमध्ये ३५ प्रतिशत मात्र नेपाली उद्योगले उत्पादन गर्छन्। नेपालमा हाल ४० वटा एलोपेथिक, ३१ वटा आयुर्वेदिक तथा ७ वटा भेटेरिनरी औषधी उत्पादक छन्। नेपालमा खपत हुने कुल औषधीमध्ये एलोपेथिक औषधीको अंश ९० दशमलव ८ प्रतिशत छ भने आयुर्वेदिक औषधीको अंश ५ दशमलव ९ प्रतिशत तथा भेटेरिनरी औषधीको अंश ३ दशमलव ३ प्रतिशत छ।

## हाम्रो नेपालमा

### चमत्कार पूजाको

पूजापाठलगायतका धार्मिक अनुष्ठानहरूमा ठूलो शक्ति हुन्छ भन्ने विश्वास हाम्रो समाजमा छ। सायद यही विश्वासका आधारमा हामीकहाँ अझै पनि साना-ठूला विपत्ति पर्दा ईश्वरको शरणमा पुग्नेहरूको संख्या ठूलै छ। के पूजापाठले चमत्कार गर्छ? गर्दैन भन्नेहरू एकपटक दमौली पुगे हुन्छ। गत महिना समाचारमाध्यममा चर्चामा रहेको व्यास नगरपालिका वडा नम्बर- १ कमलडिहीस्थित एउटा दबदबेको रूखबाट पानी बर्सिएको कुरा हामीमध्ये धेरैले हेक्का राखेको हुनुपर्छ। उक्त रूखबाट अहिले एकाएक पानी बर्सने क्रम रोकिएको छ। पानी बर्सन किन रोकियो त? समाचारअनुसार उक्त दबदबेको रूखबाट पानी बर्सन थालेको १ सय दिन पुगेपछि स्थानीय मानिसहरूले ३०-४० जना लामा-झाँक्री बोलाएर पूजापाठ गराएको १५ मिनेटमै त्यसरी पानी बर्सने क्रम रोकिएको हो। पूजाका क्रममा लामा-झाँक्रीले 'म शिवजी हुँ, यही नजिकैको शिव पाञ्चायनमा बस्छु' भन्ने शब्द उच्चारण गरेका थिए। यो शब्द उच्चारण भएलगत्तै पानी बर्सन रोकिएको थियो। यस्तो चमत्कार क्षणभरमै आफ्नै आँखाअगाडि भएपछि ईश्वरीय शक्तिमा मानिसहरूको विश्वास अझ प्रबल भएको छ।

### कुशको शव बनाएर किरियाकर्म

कार दुर्घटनामा परी १५ दिनअघि बेपत्ता भएका पोखराका सरोज वैद्यसहित उनको परिवारका पाँच जनाको मृत्यु भएको विश्वासमा कुशको शव बनाएर दाह संस्कार गरिएको छ। कार नदीमा खसेपछि उनीहरूको एक साताभन्दा बढी खोजी गरिएको थियो। यसरी खोजी गर्दा कसैको शव नभेटिएपछि परिवारले उनीहरूको मृत्यु भैसकेको विश्वास गरेको छ। यही विश्वासका आधारमा हिन्दू धर्मअनुसार उनीहरूको नाममा कुशको शव बनाई सेती नदीमा बगाएर किरिया गरिएको हो। त्यसरी बेपत्ता भएकामध्ये सरोज वैद्यसहित उनकी श्रीमती सुनीता वैद्य तथा छोरा शाश्वत वैद्य छन्। बेपत्तामध्ये परिवारका कल्पना श्रेष्ठ, पृथा श्रेष्ठ छन्। उक्त कार असार २६ गते त्रिशूली नदीमा बेपत्ता भएको भनिए पनि अहिलेसम्म कार पनि फेला परेको छैन।

### रीत नबुझेपछि आत्महत्या

युवायुवतीहरूले प्रेममा विछोड भएर, विद्यार्थीहरूले परीक्षामा अनुत्तीर्ण भएर वा अन्य मानिसले धेरै असफलता पाएपछि आत्महत्या गरेको हामीले सुन्दै आएका छौं, तर धनकुटाको बूढीमोरडका एक युवाले विवाहपछि ससुरालीमा रीत नबुझेपछि आत्महत्या गरेका छन्। जातीय संस्कारअनुसार विवाहपछि रीत बुझाउन जाँदा ससुरालीले रीत नबुझेपछि धनकुटा बूढीमोरड-१ का सुनील कान्छा मगरले आत्महत्या गरेका हुन्। उनले धनकुटाकै फाक्सिपमा विवाह गरेर लिम्बू संस्कारअनुसार रीत बुझाउन गएका थिए, तर ससुराले रीत नबुझिदिएपछि उनले आत्महत्या गर्नुपरेको लिम्बूले लेखेको १० पेज लामो सुसाइड नोटमा उल्लेख छ।

## मेरो विचार

### संविधानसभाको सुगारटाइ

नेपाली जनताले 'संविधानसभाको निर्वाचन' भन्ने वाक्य धेरैपटक सुनिसकेका छन्। धेरैलाई संविधानसभाका बारेमा केही थाहा छैन। उनीहरूले बुझेको कुरा यति मात्र हो– संविधान बनाउन नेताहरूलाई चुनाव जिताउनु नै संविधानसभाको निर्वाचन हो। दलहरूले संविधानसभाको निर्वाचनपछि सामाजिक, आर्थिक एवं राजनैतिक रूपान्तरणसँगै आमूल परिवर्तन गरेर नयाँ नेपाल निर्माण गर्ने मीठो नारा त बाँडिरहेका छन् तर कसरी त्यो रूपान्तरण हुन्छ वा कसरी नयाँ नेपाल बनाइनेछ भन्ने विषयमा भने मौन छन्।

आखिर संविधानसभा निर्वाचनको प्रक्रिया के हो? उम्मेदवार हुने प्रक्रिया कस्तो हुनुपर्छ? मतदाताको काम, कर्तव्य, अधिकार के-के हुन्? उम्मेदवार हुनेहरूको योग्यता के-कति हुनुपर्छ? यी विषयमा निश्चित मापदण्ड नभई संविधानसभाको निर्वाचन भयो भने त्यो निरर्थक हुनेछ।

त्यसैले संविधानसभाको निर्वाचन अगावै आम मतदातालाई पर्याप्त जानकारी गराउनुपर्छ। झन्डा र डन्डा बोकेको आधारमा नभई दक्षता एवं योग्यताका आधारमा उम्मेदवार चयन गर्नुपर्छ। महिला, आदिवासी, जनजाति, दलित, अपांग, पहाड, तराई, हिमाल सबैको प्रतिनिधित्व हुने गरी उम्मेदवार चयन गर्नुपर्छ।

कम्तीमा पनि स्नातक उत्तीर्ण गरेको व्यक्ति मात्र संविधानसभाको निर्वाचनमा उम्मेदवार हुन पाउने नियम बनाउन सके दक्ष व्यक्तिहरूबाट राम्रो फलको आशा राख्न सकिन्छ। अन्यथा संविधानसभाको निर्वाचन त होला, कसैले जित्लान्, कसैले हार्लान्, त्यत्ति नै हो, अरू के होला र?

– चित्र कुइँकेल, फिदिम-१, पाँचथर
(पुरस्कृत पत्र)

### आ-आफ्नो क्षेत्रबाट सचेत हौं

संविधानसभाभित्र राज्य-सञ्चालनका महत्त्वपूर्ण कुराहरू जस्तै- नीति-नियम, निर्देशन तथा कानुनका सबै पक्ष पर्छन्। ग्रामीण भेकका जनतालाई अझै लोकतन्त्रका बारेमा चेतना छैन, सहरी परिवेशमा हुर्किएका कतिपय मानिसलाई पनि यसको अर्थ थाहा छैन तसर्थ संविधानसभाका बारेमा आठ राजनैतिक दल, सञ्चारमाध्यमलगायत बुद्धिजीवी-हरूद्वारा जनचेतना फैलाउने खालका विशेष कार्यक्रमहरू आयोजित गर्नुपर्छ। गाउँ-गाउँमा यस विषयमा सभा, गोष्ठी तथा छलफल आयोजित गरी जनस्तरमा चेतना वृद्धि गर्न सहयोग पुर्‍याउनु आवश्यक हुन्छ।

संविधानसभा निर्वाचनमा सबै वर्ग, जाति तथा क्षेत्रबाट समानुपातिक प्रतिनिधित्व गराइनु आवश्यक छ। अझै पनि केही पक्ष षड्यन्त्रका आधारमा निर्वाचन विथोल्न तत्पर देखिन्छ। संविधानसभाका लागि समानुपातिक निर्वाचन प्रणाली अपनाउनुपर्छ। सक्षम व्यक्तिलाई उम्मेदवार चयन गर्नुपर्छ। सरकारी तथा निजी क्षेत्रबाट उम्मेदवारहरूको क्षमता अभिवृद्धि गराई गाउँ-गाउँका जनतालाई जागरूक बनाउनुपर्छ। सबैजना सचेत हुँदै सक्षम व्यक्ति चुने मात्र संविधानसभाको निर्वाचन सफल हुन्छ तसर्थ सबै आ-आफ्नो क्षेत्रबाट सचेत हुनुपर्छ।

– सागर के.सी., झापा

### हतियारविहीन निर्वाचन

संविधानमा आम नेपालीको भाग्यरेखा कोरिएको हुनुपर्छ। राज्यमा बस्ने सबैले राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक तवरले स्वतन्त्र रूपमा सास फेर्न पाउनुपर्छ जहाँ गास, बास, कपास, स्वास्थ्य, शिक्षा, सञ्चार, यातायात एवं रोजगारीको ग्यारेन्टी पनि हुनुपर्छ। सम्पूर्ण नेपालीले समान अधिकार पाउनुपर्छ। संविधानका हरेक शब्दमा जनताको अभिमत हुनुपर्छ, । राजनीति होइन, देशको हित गर्न सक्ने इमान्दार नेतालाई चुन्नुपर्छ जसले गर्दा राज्य र राज्यका जनता विकासतर्फ लम्कनेछन्। संविधानसभाको निर्वाचन हुने अन्तिम खुड्किलोमा पुगिसकेको अवस्थामा पनि सरकार किन अल्झिइरहेको छ? नअल्झियोस् पनि कसरी? संविधानसभाको निर्वाचनका लागि आमनेपालीको आँखामा झल्किरहेको हतियारको डर-त्रास हटाउनैपर्छ। निर्वाचन बिनाहतियार, स्वतन्त्र तथा शान्तिपूर्ण ढंगले हुनुपर्छ र संविधानसभाको निर्वाचन हुनुपूर्व नै प्रत्येक दलबाट भावी संविधानको खाका आमजनतामाझ खुलस्त गर्नुपर्छ। जसले गर्दा सम्पूर्ण जनताले निष्पक्ष ढंगले आफ्नो नेता चुन्न सक्नेछन्।

**संविधानसभा निर्वाचनका लागि सरकार र नागरिकको दायित्व :**

- आवश्यक सुरक्षा दिन सक्नुपर्छ,
- नेताहरू अलग भए पनि मन र विचार एउटै हुनुपर्छ,
- खिचातानीको भावना हटाउनुपर्छ,
- संविधानसभाको निर्वाचनका लागि गाउँगाउँ अनि टोलटोलमा सही सूचना सम्प्रेषण गर्नुपर्छ।
- संविधानसभाविरुद्ध रहेका शक्तिलाई नीतिगतरूपले आकर्षित गर्न सक्नुपर्छ।

– कृष्णकुमार राई, ओखलढुंगा

## संविधान सभा जिज्ञासा



**पूर्णमान शाक्य**
**संवैधानिक कानुन विशेषज्ञ**

**प्रश्न : संविधानसभा निर्वाचनका सन्दर्भमा बन्द सूची र खुला सूची भनेको के हो? नेपालको सन्दर्भमा संविधानसभाको निर्वाचन सम्पन्न गराउन कति समय लाग्ला?**
**–सीताराम भट्टराई, भक्तपुर**

**उत्तर :** संविधानसभाको निर्वाचनको सन्दर्भमा बन्द सूची भन्नाले राजनैतिक दलले समानुपतिक निर्वाचनका लागि प्रस्तुत गरेको उम्मेदवारको अपरिवर्तनीय सूची हो। यो सूचीअन्तर्गत राजनैतिक दलले आफूले प्राप्त गरेको मत प्रतिशतका आधारमा रोल क्रमअनुसार नै प्रतिनिधि पठाउनुपर्ने हुन्छ। उक्त सूचीमा कुनै परिवर्तन गर्न पाइँदैन। खुला सूचीमा भने निर्वाचनपश्चात् राजनैतिक दलले आफूले प्राप्त गरेको मत प्रतिशतअनुसार उक्त सूचीबाट आफ्ना प्रतिनिधिहरू छानी-छानी पठाउन पाउँछ। नेपालको सन्दर्भमा संविधानसभाको निर्वाचन गराउन कम्तीमा ३ महिनाको तयारी चाहिन्छ। नेपाल सरकारले संविधानसभाको निर्वाचन आगामी मसिरतिर गराउने योजना बनाएकाले हामीसँग पर्याप्त समय देखिन्छ।

# क्यारियरलाई कसरी अघि बढाउने ?

अध्ययनले मानिसलाई योग्य र सक्षम बनाउँदै क्यारियर निर्माणमा अग्रसर गराउँछ। कुन मानिस कता पुग्ने हो भन्ने कुरा उसको अध्ययनमा आधारित हुन्छ। अध्ययनअनुसार मानिसले जुन बाटो समाते पनि हरेक व्यक्तिको प्रारम्भिक अवस्थालाई कुमालेको काँचो माटोसँग तुलना गरिन्छ। जसलाई जुन आकारमा ढाल्ने हो क्यारियरले त्यही स्वरूप लिन्छ। आफ्नो क्यारियरलाई कुन स्वरूप दिने ? कसरी अघि बढ्ने ? भन्ने कुरा आफ्नै हातमा हुन्छ। अहिलेको समयमा क्यारियर छनौट गर्ने, क्यारियरलाई कुन रूपमा अघि बढाउने र कसरी सफल बनाउने भन्ने कुरा विद्यार्थी जीवनको निर्णयमा आधारित हुन्छ। यसबीच व्यक्तिको क्यारियर ग्राफमा थुप्रै उतार-चढाव आउँछ र परिस्थितिबाट उसले थुप्रै कुरा सिक्छ।

व्यक्तिको क्यारियर निर्माणमा केवल उसको प्रयास पर्याप्त हुँदैन। क्यारियर निर्माण व्यक्तिको नियन्त्रणबाहिर पनि हुँदैन। त्यसैले क्यारियर निर्माणका क्रममा विषम परिस्थितिको सामना धैर्यताका साथ सोचविचार गरेर गर्नुपर्छ। क्यारियर निर्माणका क्रममा यदि विद्यार्थीले केही कुरामा विचार गरे त्यसले उनीरूको क्यारियर निमार्णमा धेरै सघाउ पुऱ्याउन सक्छ। यी तत्त्वहरू हुन्– अध्ययनका लागि विषयवस्तुको छनौट, सजगता, आत्ममूल्यांकन, सम्भावना, दिशा-निर्धारण एवं कार्ययोजना। यी कुराहरूमाथि विवेकपूर्ण तवरले ध्यान पुऱ्याएर अघि बढेको खण्डमा क्यारियर सफल हुने कुरामा निश्चिन्त हुन सकिन्छ।



**विषय छनौट** : कुनै पनि विद्यार्थीका लागि एसएलसीसम्मको शिक्षाले जीवनमा कायापलट गर्ने महत्त्व राख्छ, किनभने सबै किसिमका उच्चशिक्षाको जरा भनेकै एसएलसीसम्मको शिक्षा हो। त्यसैले शिक्षाको जग मजबुत गर्नु आवश्यक हुन्छ। सुरुमै राम्रो अध्ययन गरेका विद्यार्थीलाई उच्चशिक्षाका विषय अध्ययन गर्न र राम्रो अंक ल्याएर सफलता प्राप्त गर्न सजिलो हुन्छ। कुनै पनि विद्यार्थीलाई पछि इन्जिनियर, डाक्टर, वैज्ञानिक, प्राविधिक, अनुसन्धानकर्ता, चार्टर एकाउन्टेन्ट वा सफल शिक्षक, प्राध्यापक तथा असल नागरिक बनाउने आधार भनेकै शिक्षा हो। त्यसैले सफल जीवन एवं सफल क्यारियर निर्माणका लागि एसएलसीसम्मको शिक्षामा विद्यार्थी-अभिभावक दुवैले विशेष जोड दिनुपर्छ। उच्चशिक्षाका लागि आफ्नो अध्ययन क्षमता, अभिभावकको आर्थिक क्षमता, एसएलसीमा ल्याएको अंक तथा ठाउँ र सामाजिक अवस्थाअनुसार मानविकी, व्यवस्थापन, विज्ञान, शिक्षा, इन्जिनियरिङ, चिकित्सा, कृषि आदि विषय छनौट गर्न सकिन्छ।

**सजगता** : विद्यार्थी भए पनि वा रोजगारी खोज्ने क्रममा रहे पनि स्वयंप्रति सदा सचेत रहनुपर्छ। विद्यार्थीहरूले आफूभित्रको सम्भावनालाई उजागर गर्दै आफ्नो योग्यतालाई अझ विकसित गर्दै माथि पुऱ्याउनुपर्छ। हरेक व्यक्तिमा कुनै न कुनै सुषुप्त प्रतिभा, असल गुण र योग्यता लुकेको हुन्छ। त्यसलाई चिन्न सक्नुपर्छ। यस्ता सुषुप्त सम्भावनालाई चिनेर क्यारियर निर्माणको क्षेत्रमा अघि बढे मानिसले सफलता हात पार्न सक्छ।

**आत्ममूल्यांकन** : हरेक विद्यार्थीले आफ्नो योग्यता थाहा पाउनुपर्छ ? आफ्नो रुचि केमा छ ? उद्देश्य के छ ? व्यक्तित्व कस्तो छ ? वास्तविकतामा आधारित योग्य गुणहरू नै व्यक्तिको अगाडिको यात्रा तय गर्ने सहायक मार्ग हुन्। उदाहरणका लागि कुनै व्यक्तिमा उद्घोषणको राम्रो कला छ तर अनुहार आकर्षक छैन भने टेलिभिजन स्क्रिनमा देखा परेर समाचार पढ्ने ध्येय त्याग्नु नै राम्रो हुन्छ। त्यस्तो अवस्थामा रेडियोमा क्यारियर विकास गर्न सकिन्छ। त्यस्तै राम्रो अध्ययन क्षमता छ तर साधन-स्रोत छैन भने विदेशमा गएर पढ्ने आकांक्षाले साकार रूप नलिन सक्छ। त्यसैले क्यारियर अघि बढाउँदा आफ्नो योग्यताका साथै व्यक्तिगत गुण, रुचि एवं आर्थिक अवस्थालाई समेत विचार गरेर अघि बढ्नुपर्छ। यस्तो बेलामा साथीभाइ तथा अग्रज र सम्बन्धित विशेषज्ञहरूको सल्लाह-सुझाव लिनु उपयुक्त हुन्छ।

**सम्भावना** : आफ्नो योग्यता, क्षमता, रुचि, व्यक्तिगत भित्री तथा बाहिरी गुण र परिस्थितिको लेखाजोखा गरिसकेपछि मात्र क्यारियरका लागि उपयुक्त बाटो रोज्नुपर्छ। विभिन्न क्षेत्रका व्यक्ति कसरी अगाडि बढेका छन्। उनीहरूका अनुभवहरू के-के छन् ? भन्ने जानकारी बटुलेर कुनै पनि व्यक्तिले योग्यताअनुरूप कुन-कुन क्षेत्रमा रोजगारी पाउन सकिन्छ ? कुन रोजगार अथवा कुन व्यवसायमा बढी सफल हुन सकिन्छ ? कुन क्षेत्रमा भविष्य बढी सुरक्षित हुनसक्छ र बढी लाभ प्राप्त गर्न सकिन्छ ? त्यसै क्षेत्रमा लाग्नु आवश्यक छ। आफूले रोजेको रोजगार वा जिम्मेवारीको क्षेत्रका चुनौतीहरूको सामना गर्न सदैव तयार हुनुपर्छ। यी सबै कुराको लेखाजोखा भएपछि हरेक क्यारियरको बाटो प्रष्ट भएको आफैले देख्न सक्छ।

**दिशा-निर्धारण** : उपरोक्त सबै कुराको लेखाजोखा र चिरफार गरिसकेपछि आफूले लिने बाटो, गर्न लागेको काम, व्यवसाय वा रोजगारीको क्षेत्र तय गर्नुपर्छ।

**कार्ययोजना** : आफूले गर्ने काम, व्यवसाय वा नोकरीको क्षेत्र तय गरिसकेपछि उक्त क्षेत्रमा सुनियोजित रूपमा अघि बढ्न एउटा सुदृढ कार्ययोजना निर्माण गर्नुपर्छ। जस्तो कि बायोडाटा, पुँजी, पाठ्यक्रम, परिश्रम, ठाउँ, सम्बन्धित मानिस, समय आदिको खाका तयार गरी अघि बढ्नुपर्छ। आफ्नो क्यारियरको क्षेत्रसँग सम्बन्धित जानकारी तथा अनुभवहरू बटुलेर धैर्यका साथ अघि बढे अवश्य सफलता हात लाग्छ।

**–भोला**

# कुरा क्यारियरको



एसएलसी परिणामपछि विद्यार्थीहरू उच्च शिक्षासँगै आफ्नो क्यारियरलाई कसरी सफल तुल्याउने भन्ने चिन्ताले ग्रसित हुन्छन्। आजको आधुनिक तथा प्रतिस्पर्धी युगका विद्यार्थीहरू उच्च शिक्षालाई क्यारियरसँगै जोडेर अघि बढाउन चाहन्छन् तर योजनाबद्ध ढंगले अघि बढ्न नसक्दा उनीहरूले क्यारियर बनाउन सकिरहका छैनन्। उच्च शिक्षाको अध्ययनसँगै क्यारियरको सन्दर्भ जोडिएर आउँछ। त्यसैले क्यारियरलाई सफलताको शिखरमा पुऱ्याउन अध्ययनलाई क्यारियर सुहाउँदो विषयसँग जोड्नुपर्छ।

पत्रकारितालाई क्यारियर बनाउने उद्देश्यका साथ प्लस टुदेखि नै पत्रकारिता पढ्दै आएकी काठमाडौं वसन्तपुरकी निशा राई राजधानीकै एक एफएम रेडियोका लागि समाचार संकलन गर्छिन्। हाल स्नातक तेस्रो वर्षमा अध्ययनरत राईको ठम्याइमा आफूले रोजेको विषयमा विशिष्ठता हासिल गर्दै सोही क्षेत्रका लागि समर्पित रहँदै उही धरातलमा उभिएर बाँच्न सफल हुनु क्यारियर हो। उनले थपिन्- त्यसैले उच्च शिक्षा ग्रहण गर्दा आफ्नो क्यारियर बनाउने भित्री इच्छाअनुरूप विषय छनौटका साथ उच्च शिक्षालाई अघि बढाउनु उपयुक्त हुन्छ। क्यारियरको विकास विशेष गरी शिक्षासँग जोडिएको हुन्छ। प्रतिस्पर्धी यो आधुनिक युगमा आफूलाई सफलताको शिखरमा उभ्याउन व्यावहारिक शिक्षापद्धतिअनुरूप ज्ञान हासिल गर्नु पनि सफल क्यारियर हो। सफल क्यारियरका लागि सही योजनाको आवश्यकता पर्छ। क्यारियर प्लानिङ सुनियोजित एवं क्रमबद्ध हुनुपर्छ, जसले क्यारियर निर्माणमा सरलता अनि सहजता आउँछ।

**क्यारियरको प्रबन्ध तथा योजना :**

क्यारियरलाई सफल तुल्याउन कलेज तहबाटै योजनाअनुरूप अघि बढ्नुपर्छ। कुनै पनि क्यारियर चयनसम्बन्धी विचार गर्नुपूर्व भित्री उद्देश्य वा लक्ष्य कुन क्षेत्रमा छ ? लक्ष्य र उद्देश्यअनुरूपको क्यारियर बनाउन सकिन्छ, सकिँदैन ? मनन गरिसकेपछि मात्र क्यारियरको प्रबन्ध तथा योजना अघि बढाउन सकिन्छ। उचित क्यारियरमाथि विचार विमर्श गर्दा सम्बन्धित व्यक्तिको आवश्यकता, योग्यता, रुचि व्यक्तिगत पहुँचभित्रै हुनुपर्छ।

आफ्नो क्षमता बुझेर आफू कुन कामका लागि योग्य छु, स्पष्ट हुनुपर्छ किनभने क्यारियर विभिन्न किसिमका हुन्छन्।

•शैक्षिक योग्यतामा आधारित क्यारियर •विशेष क्षमतामा आधारित क्यारियर
•प्रदर्शन क्षमतामा आधारित क्यारियर •शारीरिक क्षमतामा आधारित क्यारियर

शैक्षिक योग्यतामा आधारित क्यारियर अपनाउन चाहनेको झुकाव गहन अध्ययनतर्फ हुनैपर्छ। यसका लागि विषयप्रति विशेष नियन्त्रणका साथमा पर्याप्त समय, कडा मेहनत तथा धनराशि आवश्यक हुन्छ। प्रदर्शन क्षमतामा आधारित क्यारियर निर्माणका लागि यतिबेला उच्च शिक्षामै पनि नृत्य, गायन, फेसन डिजाइन आदि विषय पढ्न पाइन्छ। यदि कुनै व्यक्ति रचनात्मक प्रवृत्तिको छ वा नयाँ कामप्रति इच्छा जागरूक छ भने यी क्षेत्रका अतिरिक्त केही अन्य क्षेत्रमा पनि पर्याप्त सम्भावना छन्। वास्तुकला, डिजाइन, आन्तरिक सज्जा, कलाकार तथा विज्ञापन एजेन्सीहरूमा पनि यस्ता रचनात्मक व्यक्तिको खाँचो हुन्छ। लेखनकला, नाट्यकला, चलचित्र, टेलिभिजन एवं गीतसंगीत, पटकथा लेखन आदि क्षेत्रमा कार्य गर्ने खालका व्यक्तिहरूकै सम्भावना बढी हुन्छ।

शारीरिक क्षमतामा आधारित क्यारियर निर्माणमा लाग्ने विद्यार्थीले पनि सुहाउँदो उच्च शिक्षासँगै अन्य तालिमहरू पनि लिइरहनुपर्छ। जस्तो- सेनामा क्यारियर बनाउन चाहनेले शरीरिक तन्दुरुस्ती कायम राख्न खेलकुदमा ध्यान दिनैपर्छ। क्यारियर विभिन्न किसिमका हुन्छन्, सबैले एउटै क्षेत्रमा क्यारियर बनाउँदा पनि बनाउँदैनन्। क्यारियर बनाउने प्रयासमा आफ्नो भित्री इच्छाले रोजेको, चाहना भएको र पहुँच पुग्ने विषयमा मात्र सफलता पाइन्छ।

**–महेश सिलवाल**

शिक्षा

# हवाई उडानको अध्ययन नेपालमै

इलामका युवराज लिम्बूको धोको सानैदेखि पाइलट बन्ने थियो । भूतपूर्व गोरखा सैनिकका छोरा लिम्बू प्रशिक्षणका निम्ति विदेश जाने योजनामा थिए तर देशमै प्रशिक्षण केन्द्र खुलेको तथा सस्तो शुल्कमा गुणस्तरीय पढाइ हुने भएकाले उनी यहीं भर्ना भए ।

लिम्बूसँगै काठमाडौंका केशव चन्द्र, राजन ठकुरी, रोमी तण्डुकार, रामबाबु रिजाल, जनकपुरका विकल झा, धरानका संजोग थापा, सुनसरीका संजोक शाक्य, कन्चनपुरका रोहित चन्द गरी आठ विद्यार्थी नेपालमै पाइलट प्रशिक्षण लिइरहेका छन् । यसभन्दा अघि कन्सल्टेन्सीको माध्यमबाट दक्षिण अफ्रिका, मलेसिया, फिलिपिन्स, क्यानाडाजस्ता मुलुक जानुपर्ने बाध्यता थियो ।

काठमाडौं इण्डो-वर्ल्ड एजुकेसन कन्सल्टेन्सीबाट पाइलट बन्ने सपना पूरा गर्न भारत पुग्नेहरूको संख्या २१ छ । कन्सल्टेन्सीका निर्देशक शिवप्रसाद अर्याल आफूले पाइलट बन्न चाहने नेपाली युवालाई विगत २ वर्षदेखि भारतका विभिन्न इन्स्टिच्युटमा सम्पर्क गराइरहेको बताउँछन् । नेपालसँग मिल्दो हावापानी तथा लागतका हिसाबले सस्तो भएकाले नेपाली विद्यार्थीहरू भारततर्फ आकर्षित भएका हुन् । अर्याल भन्छन्- पाँच वर्षपछि नेपालमा उत्पादित पाइलटको खपत बढी हुन्छ ।

पाइलट प्रशिक्षणका लागि २० नेपाली युवालाई दक्षिण अफ्रिका पठाइसकेका नेपाल एजुकेसन कन्सल्टेन्सीका थरेन्द्रराज अधिकारीका अनुसार प्रत्येक दिन २ जना विद्यार्थी पाइलट प्रशिक्षणमा जानुले पनि यसप्रतिको क्रेज पुष्टि हुन्छ ।

तत्कालै ५० जना पाइलटको माग तथा बढ्दो क्रममा नयाँ एयरलाइन्सको प्रवेशले प्रवेश परीक्षाका लागि आवश्यक जनशक्ति देशमै तयार गर्ने उद्देश्यले शिवानी एयरको स्थापना भयो, जुन मुलुकको एकमात्र र पहिलो फ्लाइट स्कुल हो । पुल्चोक, ललितपुरमा कार्यालय खोली भरतपुर, चितवनमा कक्षा सञ्चालन गरिरहेको शिवानी एयरले पहिलो ब्याचमा ८ जना विद्यार्थी भर्ना लिएको छ ।



विद्यार्थीहरूले पाइलटिङका लागि दुई किसिमका कोर्स गर्न सक्छन् । ती हुन्- प्राइभेट पाइलट लाइसेन्स (पीपीएल) तथा कमर्सियल पाइलट लाइसेन्स (सीपीएल) । उपरोक्त दुवै कोर्सका लागि वर्षमा तीन पटक जनवरी, मार्च र सेप्टेम्बरमा भर्ना आह्वान गरिन्छ । पीपीएलको कोर्स ४ महिनाको तथा सीपीएल कोर्स १० महिनाको हुन्छ । नागरिक उड्डयन प्राधिकरणको अथोरिटी अनुरूपको पाठ्यक्रम मुख्य तथा ग्राउन्ड ट्रेनिङ सब्जेक्ट र फ्लाइट ट्रेनिङ सब्जेक्टमा विभाजित छन् ।

यसमा एयर ल, मेटेरियोलोजी, एभिएसन, रेडियो टेलिफोनी, अपरेसन प्रोसिड्युर गरी ९ वटा विषय ग्राउन्ड ट्रेनिङ सब्जेक्टअन्तर्गत र प्रि-फाइट अपरेसन, कन्ट्रोल अफ एयरोप्लेन, क्रसकन्ट्री प्लाइङ, एयरीड्रोम तथा ट्राफिक प्याट्रन अपरेसन आदि गरी ८ वटा विषय फ्लाइट ट्रेनिङ सब्जेक्टअन्तर्गत पर्छन् । प्रशिक्षणभन्दा एक महिना पहिले विभिन्न समाचारपत्रमा प्रवेश परीक्षाका लागि आवश्यक विज्ञापन प्रकाशित गरिन्छ । प्रवेश परीक्षामा भौतिक विज्ञान, गणित तथा अंग्रेजीसँग सम्बन्धित प्रश्नमा ७० अंक ल्याउनैपर्छ । त्यसपछि नागरिक उड्डयन प्राधिकरणको चेकराइट मापदण्डअनुसार स्वास्थ्यका दृष्टिकोणले पनि योग्य हुनैपर्छ ।

हाइटेक, क्लाइम्बिङजस्ता टेक्निकल काम गर्न आँखाको भिजन पावर +-३ हुनैपर्छ । यसका साथै हियरिङ क्लियर हुनैपर्छ । मुटुको गति सामान्य हुनुपर्छ । आईएस्सी वा प्लस टु भौतिकशास्त्र र गणित विषय उत्तीर्ण हुनुपर्छ भने विज्ञानमा स्नातकलाई प्राथमिकता दिइन्छ । उमेर १६ देखि २५ वर्षसम्मको हुनुपर्छ । बस्नेतका अनुसार ४ महिने पीपीएल कोर्समा ४० घन्टा सैद्धान्तिक र २ सय ६० घन्टा प्रयोगात्मक प्रशिक्षण हुन्छ ।

१० महिने सीपीएल कोर्समा ५ सय ८० घन्टा सैद्धान्तिक तथा २ सय १० घन्टा प्रयोगात्मक प्रशिक्षण हुन्छ । त्यसपछि टेकअफ ल्यान्डिङ, होरिजन्टल टर्निङजस्ता चेकराइट लिई नागरिक उड्डयन प्राधिकरणबाट व्यावसायिक पाइलटको लाइसेन्स प्राप्त गरी को-पाइलटका रूपमा आन्तरिक उडान भर्न सकिन्छ । को-पाइलटका रूपमा ३ हजार घन्टा उडान गरी एटीपीएल कोर्स गरेपछि क्याप्टेनका लागि नागरिक उड्डयन प्राधिकरणको परीक्षा उत्तीर्ण गर्नुपर्छ ।

नेपाल सरकारबाट मान्यताप्राप्त भएकाले यहाँका उत्पादनलाई विश्वका २ सय १० मुलुकमा मान्यता दिइएको छ । पढेपछि जागिर पाइन्छ कि पाइँदैन भन्ने द्विविधा छैन, नेपालकै सीता तथा यति एयरलाइन्सले उत्पादन खपत गराउने अग्रिम सम्झौता गरेको शिवानी एयरकी मार्केटिङ म्यानेजर प्रियंका खन्ना बताउँछिन् । भर्खरै प्रशिक्षणका लागि डायमन्ड डीए-२० सी वन नामक दुई सिटे प्लेन प्रशिक्षणका लागि झिकाइसकिएको बताउँदै खन्ना भन्छिन्- 'फ्रेस पाइलटका लागि बनाइएको यो प्लेन अमेरिकन एयर फोर्सलेसमेत प्रयोग गर्ने नवीनतम प्रविधिको विमान हो ।

यसका साथै जहाज उडानका लागि प्रशिक्षण दिने उपकरण सिमुलेटर पनि झिकाइसकेको छ तर नेपालको सन्दर्भमा मौसम, विद्यार्थीको क्षमता, राजनैतिक अवस्थाअनुसार यसका लागि थप केही महिना लाग्न सक्छ । पाइलट कोर्स निकै महँगो छ । लगानी गर्न गाह्रो भएकाले धेरै युवाहरू चाहेर पनि पाइलट बन्न सक्दैनन् । दक्षिण अफ्रिकामा ३५ लाख, अमेरिकामा ३८ लाखदेखि ४० लाख, युरोपियन मुलुकमा ६० लाख लाग्ने हवाई उडान कोर्स नेपालमा २६ लाखमै पूरा गर्न सकिन्छ ।

जसमा लाग्ने पूर्णशुल्कलाई तीन पटकमा क्रमशः १० लाख, १२ लाख र ४ लाख गरी भुक्तानी गर्नुपर्छ । बस्नेत भन्छन्- 'अन्य मुलुकको तुलनामा ३० प्रतिशत सस्तो पर्छ । अन्तर्राष्ट्रिय गुणस्तरमा कुनै कमी नभए तुरुन्तै एउटै को-पाइलटले ४० हजारदेखि ७० हजार रुपैयाँबाट फ्लाइङ सुरु गर्छ भने क्याप्टेन बनिसक्दा उसले १ लाख ४० हजारदेखि १ लाख ७० हजार रुपैयाँसम्म कमाउँछ । यसले गर्दा सजिलै ४ वर्षमा कर्जा चुक्ता गर्न सकिन्छ ।' बस्नेत भन्छन्- 'आफ्नै देशमा कोर्स गर्दा बाहिरजस्तो ह्यारेसमेन्ट हुँदैन, अर्कातिर हाम्रोजस्तो पहाडी भूभागमा सिक्न गाह्रो त हुन्छ तर यहाँ उडान भरेकाले सजिलै अन्य देशमा काम गर्न सक्छन् ।

**– संगीता कटुवाल**

# शिक्षामा गरिएको लगानी, प्रतिफल र स्तर निर्धारण

शिक्षा सबै किसिमका विकासको पूर्वसर्त हो । मानवविकास र आधुनिक सभ्यताको विकास मात्र होइन, देशलाई तत्काल चाहिने आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधारको विकासका लागि पनि समयानुकूल शिक्षाको विकास र त्यसमा गरिएको लगानीले अहम् भूमिका खेल्छ भन्ने कुरालाई सबैले मनन गर्नैपर्छ तर राजनैतिक अस्थिरता, समुचित लगानी तथा उद्देश्यमूलक प्रतिबद्धताको अभावमा मुलुकको समग्र शैक्षिक अवस्था थिलथिलो अवस्थामा छ ।

सहस्राब्दी विकासलाई टेवा पुऱ्याउने हेतुले सबैका लागि शिक्षा भन्ने मूल उद्देश्यसहित सरकारले आर्थिक वर्ष २०६३ ⁄०६४ मा शिक्षा क्षेत्रमा २२ अर्ब ७७ करोड रुपैयाँको कार्यक्रम सञ्चालन गरेको भए पनि त्यो अपर्याप्त भएको शिक्षा क्षेत्रका विज्ञहरूले टिप्पणी गरेका छन् । चालू आर्थिक वर्षमा शिक्षाका लागि सबैभन्दा बढी बजेट २८ अर्ब ३९ करोड रुपैयाँ छुट्याइएको छ तर यति धेरै बजेटले पनि शिक्षाको सहस्राब्दी लक्ष्यलाई पूरा गर्न सक्ने देखिंदैन । शिक्षाक्षेत्रमा गरिएको बृहत् लगानी र विभिन्न प्रयासका बाबजुद पनि हालसम्म १३ प्रतिशत बालबालिका विद्यालय शिक्षा बाहिरै रहेको एक अध्ययन प्रतिवेदनले देखाएको छ । मुलुकका सम्पूर्ण बालबालिकालाई शिक्षा उपलब्ध गराउन नसकिएको, शिक्षालाई सबैको मौलिक हकका रूपमा व्याख्या गर्दै कक्षा दससम्म निःशुल्क भनेर संविधानले तोकेको भए पनि त्यो लक्ष्य पूरा हुन नसकेको र आधुनिक गुणस्तरीय शिक्षा नपाएको आम गुनासो छ ।

मुलुकका सम्पूर्ण बालबालिकाहरूलाई कक्षा दससम्मको निःशुल्क शिक्षा उपलब्ध गराउने हो र शिक्षामा सुधार ल्याउने हो भने कुल राष्ट्रिय बजेटको न्यूनतम २५ प्रतिशत आवश्यक पर्ने शिक्षामन्त्री प्रदीप नेपालले केही समयअघि विभिन्न सार्वजनिक समारोहहरूमा बताएका थिए । शिक्षामा देखिएको अन्यौल, अवसर, विविधता एवं गुणस्तरीयताको अभावमा नेपाली विद्यार्थीहरू विदेशमा गएर उच्च शिक्षा अध्ययन गर्ने प्रवृत्ति पनि बढ्दै गएको छ । त्यस्तै नेपालको शिक्षा अन्तर्राष्ट्रिय स्तरको नभएको तथा विभिन्न विश्वविद्यालयबाट दिइने प्रमाणपत्रहरूको स्तर निर्धारण गर्न शिक्षा मन्त्रालयमा कुनै निकाय नरहेकाले प्रमाणपत्रको स्तर निर्धारणमा समस्या रहेको एवं यो समस्याबाट विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरूले विभिन्न समस्या बेहोर्नुपरेको आमगुनासो छ । नेपालमा गुणस्तरीय शिक्षा तथा रोजगारीको अवसर उपलब्ध हुन नसकेको भन्दै आर्थिक वर्ष २०६३⁄०६४ को जेठ महिनासम्ममा १० हजार ४ सय ३७ विद्यार्थी समुद्रपारका विभिन्न मुलुकमा गएका छन् । यसबाट सरकारलाई २ करोड ३६ लाख १२ हजार १ सय ४० रुपैयाँ राजस्व प्राप्त भएको देखिएको छ ।



**नेपालको शिक्षा अन्तर्राष्ट्रिय मान्यता :**

नेपालको शिक्षा अन्तर्राष्ट्रिय स्तरको नभएको गुनासो सत्य हो ? भन्ने प्रश्नमा शिक्षा मन्त्रालयका उपसचिव तथा छात्रवृत्ति महाशाखाका प्रमुख दानबहादुर अधिकारी नेपालको शिक्षा अन्तर्राष्ट्रिय स्तरको भएको दाबी गर्छन् । अधिकारी नेपालको शिक्षा गुणस्तरीय भएको बताउँछन् । अधिकारीका अनुसार नेपाली विद्यार्थीहरूको शिक्षाको बेस राम्रो भएको एवं उनीहरूले मेहनती भएकैले अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा समेत अगाडि छन् । अधिकारी नेपाली विद्यार्थी विदेशमा गएर टप गरेका समाचारहरू प्रकाशित भैरहेकाले नेपाली शिक्षा गुणस्तरीयताको प्रमाण भएको बताउँछन् । अधिकारी भन्छन्– नेपाली विद्यार्थीहरू केवल अंग्रेजी भाषामा कमजोर देखिएका छन्, अंग्रेजी भाषा मातृभाषा नभएको र सरकारी विद्यालयहरूमा समेत अंग्रेजी ढिलो अध्यापन गराइने हुनाले विदेशमा गएर अध्ययन गर्न चाहने नेपाली विद्यार्थीलाई नेपालबाट टोफेल, आएलटिएस, जीआरई, सिम्याट आदि गर्नुपर्ने बाध्यता छ ।

अर्कोतिर त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक डाक्टर केदारप्रसाद शर्मा नेपालको खास गरेर त्रिभुवन विश्वविद्यालयको उच्चशिक्षा अन्तर्राष्ट्रिय स्तरको भएको दाबी गर्छन् । शर्मा त्रिभुवन विश्वविद्यालयलाई अन्तर्राष्ट्रिय मान्यता र प्रतिष्ठा प्राप्त भएको बताउँछन् । चिकित्सा एवं इन्जिनियरिङ शिक्षाको क्षेत्रमा त्रिभुवन विश्वविद्यालय एसियाकै दसौं उत्कृष्ट विश्वविद्यालय मानिन्छ । त्रिभुवन विश्वविद्यालयले शैक्षिक क्षेत्रको उन्नयन र स्तर वृद्धिका लागि विश्वका २४ मुलुकका ७० भन्दा बढी ठूला विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाहरूसँग सम्बन्ध स्थापन गरी शैक्षिक एवं अनुसन्धानात्मक कार्यक्रहरू अगाडि बढाउँदै लगेको छ । शर्मा त्रिभुवन विश्वविद्यालयको प्रमाणपत्र संसारमा जहाँ पनि चल्ने र बिक्ने बताउँदै त्रिभुवन विश्वविद्यालयको उच्च शिक्षास्तरमा पनि कतिपय कमीकमजोरी रहेको स्वीकार गर्छन् । त्रिभुवन विश्वविद्यालयमा समयानुकूल पाठयक्रम पुनरावलोकन हुन नसकेको, स्नातक तहलाई चारवर्षे गर्न नसकिएको, आवश्यक भौतिक-शैक्षिक पूर्वाधारको व्यवस्था हुन नसकेको तथा शिक्षक-प्राध्यापक नियुक्ति गर्दा राजनीतिकरण हुने तर योग्य प्रतिभाहरूलाई अध्यापनमा प्रवेश नगराइएकाले पनि त्रिभुवन विश्वविद्यालयको शिक्षाको स्तरमा सुधार आउन नसकेको हो । यसैगरी उच्च शिक्षालाई भीडतन्त्रको शिक्षा बनाइएको, कोटा र भौतिक-शैक्षिक पूर्वाधारको दाँजोमा क्षमताभन्दा बढी र राजनैतिक दबाबमा विद्यार्थी भर्ना हुने, तोकिएको अनुपातमा अध्यापन तथा परीक्षा नहुने जस्ता कमीकमजोरी रहेको शर्मा बताउँछन् । उच्च शिक्षाको विकासका लागि क्षेत्रीय विश्वविद्यालय, विषयगत विश्वविद्यालय तथा खुला विश्वविद्यालयको स्थापना हुन आवश्यक रहेको शर्माको सुझाव छ । यसैगरी उच्च शिक्षालाई अन्तर्राष्ट्रिय स्तरको मापदण्डमा पुऱ्याउन प्रमाणपत्र तहलाई दस जोड दुईमा सारिएको, स्नातक तहलाई तीनवर्षेबाट चारवर्षे बनाइनुपर्ने र मार्स्टस डिग्री तथा प्लस टुको शिक्षाको आवधिक संरचना एवं पाठ्यक्रममा समेत समयानुकूल परिवर्तन आवश्यक रहेको विश्लेषकहरू बताउँछन् ।

**उच्चशिक्षामा संरचनागत एवं पाठ्यक्रम परिवर्तनको आवश्यकता**

उच्चशिक्षा संरचनामा प्रमाणपत्र तहलाई अहिलेसम्म क्याम्पसहरूबाट नहटाइँदा अन्यौलको स्थिति छ । त्यसैगरी उच्चशिक्षाको स्तर उकासिन नसकेका अन्य कारण पनि छन् जस्तै- उच्च शिक्षा परियोजनाले सन् १९९५ मा गरेको एक अध्ययनअनुसार प्रमाणपत्र एवं स्नातक तहमा २५ प्रतिशत विद्यार्थी नियमित रूपमा उपस्थित हुँदैनन् । क्याम्पसहरूमा २ सय २८ दिन पढाइ हुनपर्नेमा विभिन्न कारणले गर्दा करिब १ सय ५१ दिन मात्र पढाइ हुन्छ । करिब ७४ प्रतिशत क्याम्पसमा पाठ्यक्रममा तोकिएका पाठ्यपुस्तक उपलब्ध छैनन् । कक्षा छोड्ने तथा कक्षा दोहोऱ्याउने उच्च दरका कारण तह पार गर्ने न्यून छ । समयभित्र विद्यार्थीको कोर्स पूरा नहुने, कोर्स पूरा नहुँदै परीक्षा लिइने तथा सार्वजनिक बिदाका दिनमा समेत पढाइएको भनेर शिक्षकले अतिरिक्त पारिश्रमिक लिने जस्ता तथ्यहरू आमरूपमा देखा परेका छन् । उच्चशिक्षाको पाठ्यक्रमलाई स्तरीय पारिएको छ तर त्यो व्यावहारिक हुन नसकेकाले उत्पादक बन्न सकेको छैन । खासगरी साधारण शिक्षातर्फ यस्तो स्थिति छ । सो साधारण शिक्षा सस्तो र कोठामा पनि बसेर अध्ययन गर्न सकिने भएकाले कक्षामा विद्यार्थीको उपस्थिति नियमित नभए पनि यस शिक्षातर्फ विद्यार्थीको चाप भने अत्यधिक छ जुन देशलाई त्यति चाहिएको छैन । आवश्यक पर्ने चिकित्सा एवं इन्जिनियरिङ क्षेत्रमा जनशक्ति उत्पादन गर्ने शिक्षातर्फ विद्यार्थीको चाप त्यति छैन ।

शैक्षिक वर्ष २०५५⁄५६ को आंकडा अनुसार जम्मा १ लाख २२ हजार ९ सय ५७ विद्यार्थीमध्ये ३ हजार ७ सय ४० जनाले मात्र प्राविधिक शिक्षा हासिल गरिरहेका छन् । यो संख्या सम्पूर्ण विद्यार्थीको संख्यामा अत्यन्त न्यून छ । प्राविधिक शिक्षा अत्यन्त महँगो र सर्वसाधारणको पहुँचबाट टाढा रहेकाले चापयुक्त हुन नसकेको तथा स्थलगत अध्ययनमा आधारित नभएकाले खासै स्तरीय पनि हुन सकेको छैन । यस्तो शिक्षाले केवल राज्य प्रशासनका अङ्गहरूमा प्रशासनिक कार्य गर्ने र स्कुल-क्याम्पसहरूमा पढाउने शिक्षकहरूको उत्पादन मात्र हुन्छ । यस्तो शिक्षाले शिक्षार्थीलाई जागिरमुखी बनाउन सक्छ तर कुनै विशेष काममा दक्ष एवं स्वावलम्बी बनाउन नसक्ने शिक्षाविद्हरूको ठहर छ ।

प्राविधिक, सीपमूलक तथा व्यावसायिक शिक्षामा कृषि, पशुविज्ञान, कम्प्युटर, पत्रकारिता, इन्जिनियरिङलगायत आर्थिक उपार्जनमूलक शिक्षाले अत्यन्त नगन्य ठाउँ ओगटेकाले शिक्षित बेरोजगारहरूको संख्या बढ्दो छ ।

लगानीको दाँजोमा वर्तमान शिक्षापद्धतिले देशलाई चाहिने दक्ष जनशक्ति उत्पादन गर्न नसकिरहेकाले नेपाललाई चाहिने आधुनिक शिक्षा उपलब्ध गराउन शिक्षाक्षेत्रमा आमूल परिवर्तन गर्नुपर्ने आवश्यकता छ । प्रवेशिकाभन्दा माथिको तहमा आधुनिक शिक्षा खासगरी प्रविधि अध्ययनसम्बन्धी, सीप सिकाउने, अनुसन्धान गर्ने र नयाँ खोज गर्ने आधुनिक शिक्षाको खाँचो छ । बहुद्धेशीय बाँध, सिंचाइ, नहर राजमार्ग, रेल यातायात, सुरुङ, सडक, पुल, बिजुली उत्पादन, पर्यटन व्यवस्थापन, जडीबुटी खेती, आधुनिक खेती प्रणाली, उद्योग व्यवस्थापन तथा औद्योगिक उत्पादन योजनाहरू कार्यान्वयन गर्नेसम्बन्धी प्रविधिको अनुभवगत अध्ययन गर्न सकिने शिक्षा उपलब्ध गराउनु आवश्यक छ । उच्च शिक्षालाई विषयगत विशेषज्ञता र अनुसन्धानमूलक बनाउनु छ भने प्लस टुसम्मको शिक्षालाई शास्त्रीय र सैद्धान्तिकभन्दा पनि अध्ययनकै क्रममा केही गर्ने, सिक्ने र अनुभव बटुल्न सक्ने व्यावहारिक शिक्षाको खाँचो छ ।

**–भोला**

## जन्मदिनको शुभकामना




**विपुल गुरुङ**
**२०५७ साउन ११**



**आयुष अधिकारी**
**२०६० साउन ११**



**नितु कार्की**
**२०६१ साउन १२**



**मुस्कान गुरुङ**
**२०५७ साउन १३**



**पवन गुरुङ**
**२०५३ साउन १४**



**सविम प्रजापति**
**२०५३ साउन १६**



**मनीष बराल**
**२०६१ साउन १६**



**रक्षा शाह**
**२०६० साउन ११**

कुपन

जन्मदिनको शुभकामना

नाम :..................................................

जन्म मिति :..........................................................

स्कुल :.........................................

ठेगाना : .........................................

**तस्बिर अनिवार्य**

# साप्ताहिक इन्फो





































Indian Idol
VOTE FOR
1,2,3 EVERYBODY FOR
PRASHANT TAMANG






नबलको प्रस्तुति
आवाज















# युएईलाई नजिकबाट नियाल्दा

संयुक्त अरब इमिरेट्स (युएई) नेपालीहरूका लागि वैदेशिक रोजगारीको प्रमुख गन्तव्य हो । करिब एक लाखभन्दा बढी नेपाली हाल युएईका विभिन्न क्षेत्रमा कार्यरत छन् । 'खाडी क्षेत्रको युरोप' भनेर पनि चिनिने युएईका स्थानीय रोजगारदाताहरूले केही अपवादलाई छाडेर नेपालीहरूप्रति बढी विश्वास गरेको पाइएको छ । यसो हुनुमा नेपालीहरूको आचरण, मिलनसारिता, लगनशिलता, कामप्रतिको बफादारीता एवं निर्भीकताले प्रमुख भूमिका निर्वाह गरेको छ ।

आफ्नो मातृभूमि, परिवार, इष्टमित्र, साथीसँगीलगायत आफ्नो सुन्दर संसारलाई चटक्कै छाडेर नितान्त नौलो र विरानो देशमा रात-दिन पसिना बगाउने मन कसलाई पो हुन्छ र ? ढुङ्गाभन्दा पनि गन्हुँगो मन बोकेर खाडीक्षेत्रका मरुभूमिहरूमा काममा तल्लीन हुनुपर्दा तन र मन कति थाक्छ भन्ने कुरा त भुक्तभोगीहरूलाई नै थाहा हुन्छ । त्यस्तो अवस्थामा पनि आफूलाई सम्हालेर कर्मभूमिमा जुटेको मानिसले सामान्य रूपमा पाउनुपर्ने सुविधा पनि नपाउँदा असह्य वेदना त हुन्छ नै, तैपनि विदेशी भूमिमा रहेर ऊ एक्लैले गर्न सक्ने केही पनि हुँदैन । यो समस्याबाट आज युएई पनि अछुतो छैन । यस्ता खालका समस्याको समाधानका लागि सबै क्षेत्रबाट पहल हुनु आवश्यक देखिन्छ । युएईमा कार्यरत नेपालीहरूले पनि केही समस्या भोग्दै आएका छन् ।

**चेतनाको अभाव** : वैदेशिक रोजगारीमा जानुपूर्व आवश्यक जानकारीको अभावले नेपालीहरूले युएईमा समस्या भोग्नुपरेको छ । युएईको श्रम ऐनको व्यवस्था कस्तो छ ? भन्ने कुराको सामान्य जानकारीसमेत नहुँदा बढी समस्या उब्जिएको देखिन्छ । तसर्थ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूले त्यससम्बन्धी सामान्य जानकारी लिँदा पनि समस्या कम हुने देखिन्छ ।

**जीवनबिमाको ग्यारेन्टी नहुनु** : युएईको श्रम ऐनमा कामदारको जीवनबिमाको व्यवस्था गरिएको छ, तर रोजगारदाता कम्पनीहरूले जीवन बिमाको ग्यारेन्टी नगर्दा त्यसबाट पनि कामदारहरू ठगिएका छन् । कुनै पनि कामदारको दुर्घटना बिमा वा जीवन बिमा अनिवार्य रूपमा हुनु आवश्यक छ, साथै बिमा रकम सरल ढङ्गबाट उपलब्ध हुने व्यवस्थाको ग्यारेन्टी हुनु आवश्यक छ । यसका लागि दूतावासले कम्पनीहरूसँग सम्पर्क राखी आवश्यक पहल गर्नु जरुरी देखिन्छ ।

**श्रमशोषण** : युएईमा विशेष गरेर अदक्ष कामदारको श्रम शोषण बढी गरिएको पाइएको छ । प्रायः कम्पनीमा श्रमिकका नाइकेहरूले कामदारहरूलाई ८ घण्टाभन्दा बढी समय काममा लगाउने, थप समय काम गरेको पारिश्रमिक नदिने, अशक्त अवस्थामा पनि काम गर्न बाध्य बनाउने आदि काम गर्छन् । यस्ता कार्यहरू यहाँको श्रम ऐनले निषेध गरेको त छ, तर व्यवहारमा लागू हुन सकेको छैन । तसर्थ यस्ता श्रम ऐन विपरीतका काम गर्ने-गराउने कम्पनी वा व्यक्तिउपर आवश्यक कारबाही गराउने पहल दूतावासबाट हुनुपर्ने देखिन्छ । पीडित पक्षले पनि आफू कसरी पीडित भएको हो त्यसको तथ्य प्रमाण जुटाउने तथा सकेसम्म श्रम ऐनका बारेमा जानकारी राख्दै पीडित हुनबाट जोगिने प्रयास गर्नु आवश्यक छ ।

**वैदेशिक कानुनको ज्ञान नहुनु** : खास गरी तल्लो तहमा काम गर्ने श्रमिकहरूलाई वैदेशिक कानुनको ज्ञान भनेको त कठिन कुरा हो तर पनि काम गर्नकै लागि भनेर बिदेसिन तत्पर व्यक्तिले आफू जहाँ जाने हो त्यस देशका बारेमा जान्नैपर्ने आवश्यक कुराहरू तथा श्रम ऐनका बारेमा पूर्वजानकारी लिनु नितान्त आवश्यक हुन्छ । यसका लागि नेपाल सरकार एवं म्यानपावर कम्पनीहरूका तर्फबाट पनि चेतनामूलक कार्यक्रम सञ्चालन हुनुपर्छ ।

**भाषाको समस्या** : अदक्ष कामदारको सबैभन्दा ठूलो समस्या भाषाको देखिएको छ । हरेक व्यक्तिले विदेशमा काम गर्न जानुपूर्व सम्भव भए आफू जाने देशको मूल भाषाको ज्ञान लिनुपर्छ, नभए कम्तीमा उक्त देशमा प्रचलित दोस्रो वा तेस्रो भाषाका बारेमा जानकारी लिएर मात्र जानुपर्छ । यसो गरिए भाषागत असुविधाका कारण आइपर्ने झन्झटबाट मुक्त हुन सकिन्छ । युएईको हकमा यहाँको स्थानीय भाषा अरबी हो भने दोस्रो भाषा अङ्ग्रेजी हो तर यहाँका बहुसंख्यक मानिसका बीच उर्दू वा हिन्दी भाषा प्रचलित छ ।

**कामदारको उचित सम्मान नहुनु** : खाडी मुलुकहरूमा काम गर्ने प्रायः सबै नेपालीले भोग्दै आएको साझा समस्या कामदारको उचित सम्मान नहुनु हो । कामको सम्मान गर्नुपर्छ भन्ने मान्यताभन्दा बाहिर रहेर प्रायः कम्पनीका नाइकेहरूबाट कामदारले अपमानित हुनुपरिरहेको छ । यसो हुनुको कारण युएईको श्रम बजारमा अदक्ष नेपाली कामदारहरूको ओइरो लाग्नु पनि हो । कतिपय रोजगारदाताले त नेपालीहरूलाई सस्ता कामदारका रूपमा समेत हेर्ने गरेको पाइन्छ । यो अवस्थामा सुधार ल्याउन वैदेशिक रोजगारीमा जानेहरू कुनै न कुनै काममा दक्ष हुनुपर्ने कुरामा जोड दिनुपर्छ ।

**गैरकानुनी कामदारको बढ्दो चाप** : युएईमा हाल गैरकानुनी रूपमा काम गर्नेको संख्या अनियन्त्रित रूपमा वृद्धि भैरहेको छ । गैरकानुनी रूपमा काम गर्नेहरूको संख्या बढ्नुमा विशेषतः रोजगारदाता नै दोषी छन् भने केही मात्रामा नेपालका म्यानपावर कम्पनीहरू पनि जिम्मेवार छन् । रोजगारदाता कम्पनीले सम्झौताअनुसारको सुविधा उपलब्ध नगराउने र एकपटक आइसकेपछि रोजगारदाताको सहमतिबिना कम्पनी परिवर्तन गर्न नमिल्ने श्रम ऐनको प्रावधानले गर्दा न्यून पारिश्रमिक तथा अन्य असुविधाका कारण कामदारहरू त्योभन्दा राम्रो पारिश्रमिक पाउनेबित्तिकै आफ्नो कम्पनी छाडेर अन्यत्र काम गर्न थाल्छन्, जसले गर्दा यस्तो समस्या बढ्दै गएको छ । यो समस्या समाधानका लागि कम्पनीले पनि सम्झौताअनुरूपको सुविधा र पारिश्रमिक दिने तथा म्यानपावरले पनि झूटो विवरणमा कामदार पठाउन बन्द गर्ने व्यवस्था लागू गर्नु उपयुक्त हुन्छ ।

**महिला कामदारको समस्या** : विशेष गरेर यो समस्या गैरकानुनी रूपमा भारतबाट युएई प्रवेश गरेका तथा विभिन्न समस्यामा फसेका महिलाहरूको हकमा लागू हुन्छ । महिला कामदारलाई वैदेशिक रोजगारीमा पठाउँदा विभिन्न सजगता अपनाउनुपर्ने हुँदा नेपाल सरकारले कडा व्यवस्था अवलम्बन गरेको छ, जसले गर्दा महिलाहरूलाई नेपालबाटै वैदेशिक रोजगारीको अनुमति पाउन कठिनाइ छ । फलस्वरूप नेपाली महिलाहरू विभिन्न दलाल तथा कम्पनीका माध्यमबाट भारतको बाटो भएर युएई प्रवेश गर्छन् । त्यसरी प्रवेश गरेकामध्ये कमैले मात्र राम्रो काम पाएका छन् । धेरैले चाहिँ विभिन्न किसिमका शोषण भोगिरहेका छन् । कतिलाई त जबरजस्ती देहव्यापारमा समेत लगाइएको छ । यो समस्या हटाउन वा कम गर्न मूलतः नेपाल सरकारको नीतिमा परिवर्तन आउनु आवश्यक छ । सरकारले नेपाली महिलालाई भिसा उपलब्ध नगराउने होइन, आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरेर सीधै आउन पाउने व्यवस्था गर्ने हो भने गैरकानुनी रूपमा आउने तथा दलालको फन्दामा पर्ने समस्याबाट महिलाहरू मुक्त हुन सक्छन् ।

**बाँकी अर्को अंकमा**

## कविता

### एक्लो जीवन जिउँछु बरु

जिन्दगीको गोरेटोमा बाँच्नुपर्ने आत भयो
दोबाटोमा भेट हुँदा यो मुटुलाई घात भयो
तिम्रै आसमा तड्पिएर एक्लो जीवन पार भयो
निष्ठुरीले छाती जलाई मेरो जीवन भार भयो
मुटु चुँडी लगे पनि निराशालाई छाडी गयौ
छातीभित्र बास बसी गोलीगाँठो पारी गयौ
परेलीकै इशारामा आधा रातमा आइन् भने
एक्लो जीवन् जिउछु बरु तिमीलाई मैले पाइनँ भने ।

**– विष्णुकुमार अधिकारी**

### पातसरि झर्नुपर्‍यो

कालहरू पन्छाएर जीवन जिउनुपर्‍यो
निष्ठुरीकै सम्झनामा आँसु झार्नुपर्‍यो
छिया-छिया पारी मुटु मैंले सिउनुपर्‍यो
म दुःखीलाई मारी गई मनले पनि डेरा सर्‍यो
दुःखकष्ट जे गरे नि निष्ठुरीलाई गर्नुपर्‍यो
ओइलाउँदै रूखबाट पातसरि झर्नुपर्‍यो
निष्ठुरीको मायाजालले आज मलाई गर्नु गर्‍यो
उसैलाई सम्झिएर आर्शिवादले जिउनुपर्‍यो ।

**–रामचन्द्र बूढाथोकी**

### तिम्रो खुसी



आऊ-नआऊ तिम्रो खुसी
धाऊ-नधाऊ तिम्रो खुसी
मीठो स्वरमा मेरा गीत
गाऊ-नगाऊ तिम्रो खुसी
तिम्रा निम्ति दिल खुलै छ
छाऊ-नछाऊ तिम्रो खुसी
बुकीफूल दिएकै थिएँ
लाऊ-नलाऊ तिम्रो खुसी
माया भर्ने मेरा वचन
खाऊ-नखाऊ तिम्रो खुसी
पराईको त्यो अँगालोमा
जाऊ-नजाऊ तिम्रो खुसी ।

**–दर्शन दिनेश**

### देश बचाउने चिन्ता

जीवनमा अहिलेसम्म, मलाई कुनै पीर छैन
तर पनि किन-किन, मन यो मेरो थिर छैन
मनमा लागेको सबै कुरा, पुगेकै छ तर पनि
महान् कार्य गरी गौरव, गर्ने ठूलो शिर छैन
धोका दुःख पीर चिन्ता, केही पनि पर्‍या होइन
तर पनि चञ्चले मन, किन आज थिर छैन ?
हत्या-हिंसा मात्रै हुन्छ, देशको चिन्ता लाग्छ मलाई
यो राष्ट्रलाई बचाउने, देशमा कुनै वीर छैन ।

**–बद्रीप्रसाद शिवाकोटी**

### यहाँ

सुखमा मात्र नाताको हिसाब हुने हो
दुःखमा त फेरि पाप नै पाप हुने हो
एउटै कुरा हो, फरक होइनन् यी
विपत्तिको लात, सौभाग्यमा धाप हुने हो
छ त प्याला आफूसँग प्रशस्तै
चेयर्समा अरूसित रात हुने हो
सुख पिलाए पो स्वादले पिउँछ
दुःख पिलाए त विषको मात हुने हो
फूल देऊ तिमी, फूलै पाउँछौ
काँडा दिए काँडाले नै घात हुने हो ।

**–प्रेमकृष्ण श्रेष्ठ**

### फूलौं एउटै गाँजमा

धोती बख्खु शिरमा टोपी यो मेरो भेष हो
हिमाल, पहाड, तराई कोही छैन पराइ यो मेरो देश हो
मेची-काली रक्षा हाम्रो पशुपति मुटु हो
गुम्बा, मस्जिद, मन्दिर हाम्रो देश बनाउन जुटुँ हो
पूर्व-पश्चिम पहाड-तराई तर एउटै मन हो
हिमाल-पहाड सम्पदा तराई हाम्रो धन हो
चन्द्र सूर्य ध्वजा हाम्रो हृदयको माझमा
चार वर्ण छत्तीस जात फूलौं एउटै गाँजमा
हातमा हात दिऊ यहाँ यो देश फेरिन्छ
यदि खाँचो छ देशलाई भने यो शिर सेरिन्छ
लक्ष्यमा पुग्नु छ यहाँ चाहे काँडा होस् बाटोभरि
पसिना छरेर मोती उमार्नु छ यो माटोभरि ।

**–विष्णुराज उप्रेती**

## लघुकथा

### स्वार्थी मन

आस्था साह्रै राम्री थिइन् । झट्ट हेर्दा उनी आँखा देख्न सक्दिनन् भन्ने थाहा पाउन सकिँदैनथ्यो । जतिसुकै राम्री भए पनि अन्धी भनेर उनको अवहेलना गरिन्थ्यो । उनलाई माया गर्ने मानिस पनि थिएनन् । त्यसैले एकान्तमा टोलाइरहन्थिन् ।

विश्वास आस्थाको साह्रै मिल्ने साथी थियो । आस्था अन्धोपनका कारण निराश हुँदा जीवनलाई सकारात्मक दृष्टिले हेर्न विश्वासले नै आग्रह गर्थ्यो । आस्थालाई कतै जानुपर्‍यो भने विश्वास हाजिर हुन्थ्यो । एक दिन विश्वासले सहरमा जागिर खान जानुपर्ने भयो । एक दिन साँझ आस्था र विश्वास एउटा चौतारीमा बसे । आस्था विश्वासको छातीमा टाउको राखेर दुःख-सुखका कुरा गर्न थालिन् । यसै क्रममा आस्थाले भनिन्– 'विश्वास, म तिमीसँग प्रेम गर्छु । मेरो प्रेम कमजोर छ । यदि म आँखा देख्ने भए म तिमीसँग विवाह गर्ने थिएँ ।'

विश्वासले आस्थाको कुरा सुन्यो र मुस्कुरायो । आस्थालाई हरेस नखान आग्रह गर्‍यो । समय नै सबैभन्दा बलवान् भएकाले समयलाई पर्खन आग्रह गर्‍यो । भोलिपल्ट विश्वास सहर गयो ।

एक वर्षपछि सहरको अस्पतालबाट आस्थाको परिवारलाई एउटा चिठ्ठी आयो । उक्त चिठ्ठीमा आस्थाको आँखा प्रत्यारोपण गर्न सम्पूर्ण खर्च गर्ने तथा आँखा दान गर्न एक जना व्यक्ति फेला परेकाले सहरको आँखा अस्पताल आउन आग्रह गरिएको थियो । आस्था र उसका बुवा सहर आए । आस्थाको आँखाको अप्रेसन भयो । आस्थाले आँखा देख्न थालिन् ।

त्यही अस्पतालको अर्को बेडमा सुतेको एक जना युवकले आस्थालाई भन्यो, 'मलाई चिन्यौ, म विश्वास । तिमीले आँखा देखेपछि मसँग विवाह गर्छु भनेकी थियौं ।'

आस्था छक्क परेर हेरेको हेर्‍यै भै । किनकि विश्वासले आँखा दान गरेको थियो तर उसले विश्वाससँग विवाह गर्छु भन्न सकिनँ ।

**उमेश बोगटी**

## सन्देश



भाइ प्रमोद तथा बहिनी अजिता लगायत मित्रहरू खिले, दिनेश, विक्रम, समीक्षा, भगवती, विशेष गरी पी.जी.लाई सफलताको शुभकामनाका साथै मीठो सम्झना ।

**कमल**

जुनू, तिम्रो जन्मदिनको यो विशेष अवसरमा हृदयदेखिको शुभकामना । म तिम्रो मुहारमा खुसी मात्र देख्न चाहन्छु साथै दुःखलाई खुसीमा परिणत गर्न सक्ने क्षमता मिलोस् । सधैं मनमा सकारात्मक सोच आओस् अनि सधैं आशावादी बन, जन्मदिनको धेरै-धेरै शुभकामना ।

**सफल**

शुकु, आज तिमीसँग यति मात्र सोध्न चाहन्छु, एक्कासी मलाई एक्लो पारी किन टाढा भयौ ? मेरो मुटुलाई टुक्रा पारी किन यस्तो गर्‍यौ ? कसरी सोच्यौ कि म तिम्रो साथ र सहाराबिना जीवनको एक्लो यात्रा गर्न सक्छु ? के तिमी सक्छ्यौ मेरो साथबिना एक्लो यात्रा गर्न ? सायद मेरो कमजोरीका कारण तिमीले आवेशमा आएर यस्तो निर्णय लिएकी हौ, यसमा म हृदयदेखि नै माफी चाहन्छु । तिमी एसएलसी अनुत्तीर्ण भएको सुन्दा ज्यादै दुःखित छु ।

**सोमराज**

४९१६१, तिमीले मलाई नारीजाति कोमल हृदयी, प्रेरणादायी तथा ममतामयी मात्र नभएर यति कठोर, निर्मोही एवं निष्ठुरी पनि हुँदा रहेछन् भन्ने शिक्षा दिएर गयौ जसका लागि लाख-लाख धन्यवाद । मेरो सोझोपनको फाइदा उठाएर र मबाट पाएको स्वतन्त्रताको दुरुपयोग गर्‍यौ । हुन त तिमीसँग बिताएका ती तीन वर्षका क्षणहरूमा तड्पाइ र छट्पटाहट नै बढी थिए तर पनि भुलिहाल्न भने सकिरहेको छैन, भुल्ने प्रयास जारी छ । मलाई थाहा छ आफूले यति धेरै माया र विश्वास गरेको मान्छेबाट यति ठूलो धोका एवं घात पाउँदा पनि भुल्न नसक्नु भनेको आफूले आफैलाई जलाउनु हो ।

**माया गर्ने श्रीमान्**

सविन, जन्मदिनको सुअवसरमा लाखौंलाख शुभकामना । तिमी जहाँ भए पनि सुखी एवं खुसी रहनु । बिबिएस परीक्षा दिएर बसेका साथीहरू सञ्जिता, अजिता, सुष्मा, सुइटी, मुना, नीता, नीलु, रीना, प्रशान्त, सुमन, सञ्जित, सचिन, जय, भिरजन, रोशन, रविन, रचना, रमेश, उमेश, मनोज, विपिन, दीपु, समिर, सञ्जय, विकास, कमल, कल्याण आदिलाई सम्झना, माया अनि सफलताको कामना ।

**mabay_love_ms_you@yahoo.com**

सरु, तिमीले मलाई यति छिटै भुले पनि म तिमीलाई भुल्न सक्दिन । आखिर माया त तिमीलाई नै गर्छु, बरु तिमीले...। तिम्रो जन्मदिनमा फोन गर्न सकिनँ, त्यसका लागि सरी । तिम्रा हरेक पाइलाले सफलता पाउन्, लाखौं-लाख शुभकामना । सक्छ्यौ भने एक पटक कल गर ल ।

**टेन्सन**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..............................

उमेर : .................... उचाइ : ....................

पेसा : .................... शिक्षा : ....................

स्वभाव : .................... वैवाहिक स्थिति : ....................

अभिरुचि : .................... वर्ण : ....................

इमेल : ..............................

ठेगाना : ..............................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................

..............................

**नोट :** तस्बिर र नगद रु. ५०- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## जीवनको गोरेटोमा



### मेरो बाध्यता

प्रिय कालु, यो मेरो तर्फबाट तपाईंलाई पहिलो प्रेमपत्र हो । किन हो किन, मलाई मेरा मनका भावना तपाईंलाई मौखिक भन्नुभन्दा लिखित रुपमा सुनाउन मन लाग्यो । म तपाईंलाई आफूभन्दा बढी माया गर्छु, यो सत्य हो । तर, सायद मेरो मनले तपाईंलाई बुझ्न सकेन, तपाईंको भावनाको कदर गर्न सकेन । यसमा मेरै गल्ती हुनसक्छ । तपाईंले मलाई माया गर्नुभयो-भएन, त्यो त मलाई थाहा भएन तर मेरो मन जहिले पनि तपाईंले पनि मलाई धेरै माया गर्नुहुन्छ भन्ने सोच्थ्यो र अझै पनि यही सोच्छु ।

हो, म तपाईंसँग स-साना कुरामा पनि निहुँ खोज्थें तर म तपाईंलाई अरु कुनै तरुनीसँग बाँड्न चाहन्नथें । तर मलाई के थाहा यस्तै स-साना कुराले मलाई तपाईंबाट यति टाढा बनाइदिन्छ भन्ने । के थाहा म तपाईंको लागि बिरानो मानिस हुन्छु भन्ने... । अहिले त तपाईंलाई मेरो कत्ति पनि याद आउँदैन होला । तर पनि केही छैन, सायद यही नै मेरो कर्म रहेछ । धेरै नजिक हुन खोजेकी थिएँ तपाईंसँग, तर के थाहा मलाई यति नजिक पार्ने मानिसका लागि आज बिरानो भएर बस्नुपर्छ भन्ने ।

हाम्रो भेट पनि यही 'साप्ताहिक' मार्फत् भएको थियो र आज यही साप्ताहिकमार्फत् तपाईंलाई भन्छु– तपाईं बाठो हुनुहुँदो रहेछ । प्रेमको झुटो नाटक गरेर कसैको जीवनमा खेलवाड नगर्नु ।' उनीहरूको आँसुले तपाईंलाई जीवनभर पिरोल्नेछ । यति कुराचाहिँ एउटी साथीको नाताले भन्दैछु मान्नु है । हवस् त विदा ।

**– फ्याउरी (काली)**

### अधुरो प्रेम...

म उच्चमाध्यमिक शिक्षा पार गरी स्नातक तहमा भर्ना हुन घरबाट बाहिरिएँ । पहिले-पहिले त नयाँ वातावरणमा समायोजन हुन अप्ठ्यारो नै हुन्छ । समायोजन भैसकेपछि उक्त ठाउँलाई छोड्ने चाहना कममैमा हुन्छ । पाँच-छ महिना बिताइसकेपछि मलाई उक्त ठाउँमा बस्न कुनै आपत्ति भएन, म सबैसँग परिचित भएँ । मेरो डेरासँगै जोडिएको एउटा कोठामा एक सुन्दरी बस्थिन् जोसँग मेरो सुमधुर सम्बन्ध गाँसियो । एकआपसमा अनेक किसिमका कुराकानी हुन्थे । पढाइ नभएका बेला हामी त्यसै गफगाफ गरेर समय कटाउँथ्यौं । हामी असल साथी भएका थियौं । समय आउन-जान केही बेर लाग्दैन । एक दिन उनका बुबा सहर आएर उनलाई अर्कै कोठामा डेरा लिन बाध्य तुल्याउनुभयो । मलाई एक मनले नरमाइलो लाग्यो, एक्लोपनको आभास हुन थाल्यो तर जे भए पनि चित्त बुझाउनुपर्‍यो । उनी बिदाइका हात हल्लाइरहेकी थिइन् । हामी दुवै मौन थियौं ।

डेरा सरेको एक महिना नपुग्दै उनको एउटा पत्र आइपुग्यो, जसमा उनले प्रेम प्रस्ताव राखेकी थिइन् । त्यो पत्रले मलाई दोधारमा पार्‍यो, उनी धनी परिवारकी छोरी, म गरिबको छोरा । सोच्थें उनलाई पुतलीजस्तै सजाएर राख्न सकुँला ? अहँ, सकिन्न । तर एक मनले मलाई त्यो प्रेमपत्र स्वीकार गर्न बाध्य तुल्यायो, किनकि त्यसअघि मैले कसैसँग प्रेम गरेको थिइनँ । सुनेको मात्र थिएँ– सकेसम्म प्रेम नगर्नु वेश हुन्छ । यस्तो किन भन्छन्, त्यो पनि जान्नु आवश्यक थियो । मैले पनि जवाफी प्रेमपत्र पठाएँ । लगभग चार-पाँच प्रेमपत्र ओहोरदोहोर भए । सँगै जीवन बिताउने वाचा पनि गरियो ।

हाम्रो भेट नभएको धेरै समय भएको थियो । बजारकै चौराहमा भेट भयो । कसैले देख्लान् भन्ने डरले होटेलमा गई बस्ने विचार गरी त्यहाँबाट लाग्यौं । हरेकजसो प्रेमपत्रमा हाँसो र मुस्कानका रसयुक्त शब्द लेखी पठाउने उनमा त्यस दिन केही मौनता छाएको थियो । मैले भनें- किन आज मौन बसेकी ? म सँगै बस्दा कतै अप्ठ्यारो त छैन ? उनले भनिन्– 'छैन, त्यस्तो केही पनि होइन ! तर म एउटा प्रस्ताव राख्न आएकी हुँ ।' मैले के प्रस्ताव हो त्यस्तो ? सके पूरा गरौंला, नसके नाइ भनुँला... भनें । हामी-दुईबीच सुमधुर सम्बन्ध भएको वर्ष दिन भैसकेको छ । मलाई लाग्छ तपाईले अब आफ्नै खुट्टामा उभिन सक्नुपर्छ, तब मात्र विवाहको वातावरण सिर्जना हुन सक्छ । तपाईंलाई थाहै छ म सानैदेखि ऐस-आराममा हुर्किएकी छु । म जीवनभर त्यस्तै चाहन्छु । मैले पनि स्वीकार गरें । एक नारीसँग गाँसिएको प्रेमवासनाका कारण पनि त्यसो गर्नुपरेको थियो । अनेक संघर्ष गरी एक ठाउँमा जागिरका लागि अपिल गरें तर दर्खास्त धेरै परेको हुँदा परीक्षामार्फत छनौट हुने भयो । परीक्षा दिइयो, त्यसमा सबैभन्दा अग्रपङ्क्तिमा म उभिएँ तर धोका पाइन्छ भन्ने कुरा कसलाई थाहा ? अन्तर्वार्तामा फालिएँ । सहारा दिने कोही थिएनन् । त्यो मेरो जीवनको पहिलो दुर्घटना थियो । आफ्नी प्रेयसीलाई पाउने सपना अधुरो भयो । म एकदमै विह्वल भएँ, मेरा भावनाहरू आँसुमा परिणत भए । सोचें अब मैले कुन मुखले जवाफ दिने, के गर्ने ? यस्तैमा मेरो अन्तर आत्मामा भुइँचालो गयो ।

लगत्तै उनलाई भेट्न गएँ । उनले भनिन् के भयो ? मैले भनें- 'के हुनु ? गरिबका लागि धन भन्ने वस्तु त्यसै टाढिंदो रहेछ, ऐस आरामका वस्तुहरू हेला गर्दै टाढिंदा रहेछन् । सोच्न थालें, मैले तिमीलाई रोजेर भूल गरेछु, म अपाङ्ग रहेछु, मैले तिम्रा सपना पूरा गर्न सकिनँ, मलाई माफ गर... ।'

**– यज्ञ**

### सूचना

जीवनको गोरेटो स्तम्भअन्तर्गत प्रत्येक महिनाको पहिलो शुक्रबारदेखि क्रमशः १. मेरो पहिलो प्रेम, २. कलेजको मेरो पहिलो दिन, ३. मेरो सुहागरात, ४. मेरो असफल प्रेम, ५. मेरो पहिलो पुरस्कार प्रकाशित हुने हुँदा आफ्ना अनुभवहरू छोटो, मीठो शैलीमा हामीलाई पठाइदिनुहुन अनुरोध छ ।


**– साप्ताहिक**



५ फिट ५ इन्चका माधव खड्का बीबीएस तेस्रो वर्षमा अध्ययनरत छन् । मिलनसार स्वभावका माधव पत्रमित्रता, अध्ययन तथा गीत-संगीतप्रति रुचि राख्छन् । अविवाहित माधव एक-अर्काको मनको भावना बुझ्ने, स्थायी मित्रतामा विश्वास गर्ने साथीको खोजीमा छन् । माधवलाई loveoneyes@yahoo.com तथा त्रिभुवननगर नगरपालिका-९ बाहुनडाँडा, दाङमा पत्राचार गर्न सकिन्छ ।



आई.ए. दोस्रो वर्षमा अध्ययनरत मनीष बगनासी 'अविरल' १९ वर्षका छन् । भावुक स्वभावका मनीष पत्रमित्रता गर्ने, फुटबल खेल्ने तथा देशाटन गर्ने सौख राख्छन् । मनीषलाई सहयोगी, मिलनसार तथा खुलस्त स्वभाव भएको साथीको खोजी छ । मनीषलाई यज्ञभूमि, मुलाबारी गाविस, धनुषा, जनकपुरधाममा पत्राचार गर्न सकिन्छ ।



स्नातक तह अध्ययनरत वीरेन्द्र के.एम. ५ फिट ६ इन्च अग्ला छन् । पत्रकारिता पेसा सुरु गरेका २२ वर्षीय वीरेन्द्र निःस्वार्थ सेवामा विश्वास राख्छन् । पहाडी गाउँको भ्रमण गरी समाजसेवामा संलग्न हुने रहर पालेका वीरेन्द्रले जातीय भेदभावमा विश्वास नगर्ने, समानतामूलक समाज निर्माण गर्न चाहने साथीहरूलाई पत्राचारको आग्रह गरेका छन् । उनलाई पोस्ट बक्स नम्बर ११४० तथा patarakar@gmail.com मा पत्राचार गर्न सकिन्छ ।

# सिद्धबाबामा धार्मिक पर्यटकीय पूर्वाधार

बुटवल- प्रसिद्ध धार्मिक स्थल सिद्धबाबा मन्दिरलाई धार्मिक पर्यटकीय स्थलका रूपमा विकास गर्न स्थानीय बासिन्दाहरू कस्सिएका छन् । त्यसका लागि सिद्धबाबा मन्दिरमा कम्तीमा ५० लाख रुपैयाँ उठाउने लक्ष्यसहित सप्ताहव्यापी ज्ञान महायज्ञ सम्पन्न भैसकेको छ । देशकै प्रमुख पर्यटकीय स्थलहरू- लुम्बिनी, तानसेन र पोखराको बीचमा रहेको सिद्धबाबा मन्दिरलाई पर्यटनचक्रमा पार्न पर्याप्त भौतिक पूर्वाधार विकास गनुपर्ने भएकाले रकम जुटाउन र व्यापक प्रचारप्रसार गर्न उक्त महायज्ञ सञ्चालन गरिएको हो । महायज्ञबाट उठेको रकमले मन्दिरमा पर्यटक एवं भक्तजनहरू बस्नका लागि धर्मशाला, घुम्नका लागि पार्क, बगैंचाका साथै अन्य भौतिक पूर्वाधार निर्माण गरिनेछ ।



लुम्बिनी अञ्चलको सदरमुकाम बुटवलबाट उत्तर ३ किलोमिटर दूरीमा पाल्पाको दोभान गाविस वडा नं. ५ कुहिरेभीरमा सिद्धार्थ राजमार्गसँगै जोडिएको सिद्धबाबा मन्दिरलाई परापूर्व कालमा ऋषिमुनि र साधुहरूले तपस्या गरी सिद्धी पाएको तपोभूमिका रूपमा लिइन्छ ।

करिब २ हजार वर्षपूर्व उज्जैन देशका प्रसिद्ध राजर्षि भर्तृहरिले पिंगला नामकी परम सुन्दरी नारीसँग गरेको प्रेमविवाह असफल भएपछि विरक्तिएर राजकाज छाडी यही सिद्धबाबा धाममा आई तपस्या गरेर शान्ति र मोक्ष पाएको किंवदन्तीले पनि यो ठाउँ पुण्यभूमि मानिन्छ ।

वैशाख-जेठको गर्मीमा पनि चिसो हावा चल्ने, बाह्रै महिना मन्दिरसँगैको पहाडबाट निरन्तर कुहिरो निस्कने, तल तिनाउ नदी र वरिपरि हरियाली वनजंगलको मनोरम दृश्यले गर्दा जोकोहीलाई पनि एकचोटि सिद्धबाबामा पुगौं-पुगौं हुन्छ । राजर्षि भर्तृहरिको तपस्यास्थल चट्टाने पहाडको खोंचसम्म पुग्ने बाटो तथा मानवपुर्खा रामापिथेकसको अवशेष भेटिएको स्थान पनि सिद्धबाबाधाम क्षेत्रमै पर्ने हुँदा यहाँ रामापिथेकसको प्रतिमूर्ति पनि बनाउने योजना छ ।

मन्दिरमा विशाल शालिक ढुंगामा कुँदेर सिद्धबाबाको धुनि स्थापना गरिएको छ । यहाँ सिद्धबाबाको मन्दिरबाहेक दुर्गा, सरसवती, गणेश, नाग, मनसा माता, सन्तोषी माता, विश्वकर्मा बाबा आदि देवी- देवताको पनि मन्दिर रहेकाले बाह्रै महिना भक्तजनहरू आउँछन् । मन्दिरमा खासगरी महाशिवरात्री, अक्षय तृतीया, साउन महिना र प्रत्येक महिनाको शनिबार तथा सोमबार बढी भीड देखिन्छ ।

**–टोपराज शर्मा**

# के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
२. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
३. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
४. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
५. बुद्धि ठूलो कि बल ? किन ?
६. देशभक्ति के हो ?
७. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
८. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
९. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
१०. प्रेममा धोका हुने कारण के हो ?
११. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?



क्षणिक रूपमा त भुल्न सकिएला तर त्यही रक्सीले पछि जिन्दगी नै भुलाइदिन्छ।

**गोकर्ण लामिछाने** (१७), **काठमाडौं**

ट्राइ, ट्राइ अन्टिल यू क्राई भन्ने थाहै होला नि।

**समर्पण भट्टराई, जनकपुर**

क्या हो सम्पादकज्यू, रक्सी वा नशादेखि चार कोश पर भाग्ने हामी सोझासँग यस्तो प्रश्न गर्ने ? बरु यस्तो प्रश्न ती रक्स्याहा र गँजडीहरूसँगै सोध्नु न।

**अनिल पोखरेल** (२०), **सुनसरी**

सकिन्छ, क्षणिक रूपमा मात्र तर यसको सेवन गर्नुहुँदैन। यदि यसमा फसे छुट्कारा पाउन मुस्किल हुन्छ।

**लक्ष्मण लामा** (२२), **वीरगन्ज**

रक्सी वा नशाले दुःख भुल्ने होइन बरु बढाउँछ। रक्सी वा नशाको लतमा फस्नेहरू जब यो नशामा चुर्लुम्म डुब्दै जान्छन् तब सम्पूर्ण दुःख व्यक्त गरेको मैले सुनेकै हो क्यारे, कहाँको दुःख भुल्नु बिनासित्तिमा ?

**रेशमकुमार सुनुवार, काठमाडौं**

अहिलेसम्म त ट्राइ गरेकै छैन तर मलाई लाग्छ, सकिँदैन। हिजो-आज मेरो जिन्दगीमा खुसी नै खुसी र रमाइलो छ। नत्र ट्राइ गर्न हुन्थ्यो, अनि भन्थें।

**निर्मल बिष्ट, काठमाडौं**

नशामा लागेका मानिसहरू दुःख भुल्न सकिन्छ भन्छन्, तर मचाहिँ ती मान्छेमा परिनँ।

**प्रदीप थापा** (२०), **ओखलढुंगा**

मलाई दुःखको अनुभव नै भा'छैन।

**लेखराम सापकोटा** (२४), **मलेसिया**

रक्सी वा नशाले क्षणिक समयका लागि दुःख भुल्न सकिएला। यदि दुःखसँग जुध्न सके अवश्य सुख मिल्छ। त्यसैले रक्सी वा नशामा नलागी दुःखको निवारणतिर लाग्नु बेस हुन्छ।

**रुविना, दाङ**

सक्न त सकिँदैन, तर कसैले धोका दियो भने क्षणिक साथ भने पाउन सकिन्छ।

**प्रवीण ज्ञवाली** (२०), **काठमाडौं**

रक्सी वा नशाले कहिल्यै दुःख भुल्न सकिँदैन। रक्सी वा नशा त मानिसको जीवन बिगार्ने माध्यममात्र हो। नशा लिएपछि उसले आफ्नो घर, परिवार त बिसिर्एला तर आफूसँग भएको दुःख कदापि बिर्सँदैन।

**सुनिका अधिकारी** (१५), **धापासी**

रक्सी वा नशाले क्षणिक समयका लागि दुःख भुले पनि दीर्घकालीन दुःख निम्त्याउँछ वा जीवन नै नष्ट बनाउँछ।

**मोदक राई, हात्तीगौंडा, काठमाडौं**

सकिँदैन, सकिने भए त सबै जँड्याहा हुन्थे, होइन र ?

**उद्धवकुमार थापा** (१९), **काठमाडौं**

रक्सी वा नशाले दुःख भुल्न सकिन्छ तर केहीक्षणका लागिलाई मात्र।

**टीकाराम राई, जनकपुर**

अहँ कदापि सकिँदैन, बरु रक्सी र नशाले महादुःख जन्माउँछ।

**रोशन पुन** (१७), **तानसेन, पाल्पा**

क्षणिक समयका लागि त भुल्न सकिएला तर रक्सीकै नशाले सताउँछ नि।

**kumars987@yahoo.com**

मलाई यस विषयमा जानकारी नै हुँदैन किनभने रक्सी खाएका बेला मेरो होस नै गायब हुन्छ।

**नारायण अधिकारी**

त्यो सब पिउनेहरूको बहानामात्र हो। पिएर दुःख भुलेको चाहिँ होइन बिनाकारण निहुँ खोज्नेहरूचाहिँ बढेको धेरै देख्या छु।

**ज्योति सुब्बा, पोखरिया, विराटनगर**

रक्सी वा नशाले दुःख भुल्नुको साटो अझ बढाउने गरेको छ। थाहा छैन, किन मानिसहरू रक्सी पिउँछन् ?

**हर्षल कुशल** (१७)

सकिँदैन, पैसा र आयुको खति मात्र हुन्छ।

**संगीता खनाल** (१९), **चाँगु**

सकिँदैन, यो त एउटा बहाना मात्र हो।

**रवीन्द्र श्रेष्ठ** (२४), **चाँगु**

सकिँदैन, यो त एउटा भ्रम मात्र हो।

**ज्योति भँडेल**

रक्सी वा नशाले दुःख भुलन सकिन्छ भन्नु आफ्नै आयु घटाउनु हो।

**रमा भँडेल** (२२)

यदि रक्सी वा नशाले दुःख भुल्न सकिने भए सबै दुःखमा परेका मानिसले यसको सेवन गर्थे होलान्।

**लक्ष्मी महर्जन**

सकिँदैन, त्यस्तो कुलतमा फस्नु दुःखको सागरमा डुब्नु हो।

**अन्जु गिरी** (२४), **छालिङ**

दुःख त भुल्न सकिँदैन मन भने बहलाउन सकिन्छ।

**लक्ष्मीप्रसाद ग्वाछा**

सकिन्छ, जुनबेला सेवन गरिन्छ त्यो बेला मात्र।

**दीपेन्द्र थापा, तनहुँ**

रक्सीको नशा रहुन्जेल सकिन्छ तर नशाले छोडेपछि दुःख अझ बल्झिन्छ।

**दिलीप गुरुङ, पोखरा**

सकिन्छ, क्षणिक मात्र, नशा रहुन्जेल अर्थात् रक्सीले साथ दिउन्जेल।

**सचिन श्रेष्ठ, बाग्लुङ**

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म १९ वर्षीया विवाहित महिला हुँ। मेरो विवाह भएको डेढ वर्ष भयो। मैले गत साउन महिनामा एउटा सँगिनी सुई लगाएको थिएँ, त्यसपछि केही साधन प्रयोग गरेका छैनौं। मेरो महिनावारी पनि ठीक समयमा नै हुन्छ, तर अहिलेसम्म गर्भ रहेको छैन। डक्टरसँग दुवै जनाको जाँच गरिसक्यौं, केही असर परेको छैन भन्नुहुन्छ। तैपनि यौनसम्पर्क गर्दा जहिले पनि श्रीमान्को वीर्य मेरो योनिबाट बाहिर निस्कन्छ। यौनसम्पर्क गर्दा मेरो योनिभित्र पोल्छ। के कारणले हो ? यौनसम्पर्क गरेपछि श्रीमान्को वीर्य बाहिर बगेपछि मेरो पनि केही समयपछि बग्छ। कतै यो सुईको कारणले त होइन ? यौनसम्पर्क गर्दा बाहिर वीर्य बग्नुलाई के भनिन्छ। यो के कारणले गर्दा भएको हो ? यसको उपचार के हो ?**

**– ए.के.**

**उत्तर** : गर्भाधान हुन डिम्ब र शुक्रकीटको मिलन हुनुपर्ने कुरा त हामीले पहिले पनि पटक-पटक चर्चा गरेका छौं। प्रजनन प्रणालीको कार्यसम्पादनको कुरा गर्दा विभिन्न रसायन, जसलाई हामी रागरस (hormones) भन्छौं, को प्रभावका कारण निश्चित परिवर्तनहरू आउँछन् र डिम्ब निष्कासनको प्रक्रिया पनि त्यसैअनुरूप हुन्छ। सामान्यतया एक बच्ची जन्मदा डिम्बाशयमा यस्तै २ देखि ४ लाख जति अपरिपक्व डिम्ब (Graafian Follicle) हुने भए पनि एक महिलाको जीवनभरिमा सालाखाला ४ सयजति मात्र डिम्ब परिपक्व अवस्थामा पुग्छन्। पिटचुटरी ग्रन्थिबाट निस्कने Follicular Stimulating Hormone को प्रभावमा डिम्बाशयमा भएको follicle हरू नै डिम्ब (अण्डा) का रूपमा विकसित हुन्छन्।

परिपक्व भएपछि Luteinising hormone भनिने अर्को हार्मोनको मद्दतले डिम्बाशयबाट डिम्बको निष्कासन हुन्छ। यी हर्मोनहरूको प्रभावमा डिम्बाशयले इस्ट्रोजन तथा प्रोजेस्टेरोन नामका दुई रागरस निकाल्छ। इस्ट्रोजन भनिने हार्मोनकै कारणले किशोरावस्थामा सहायक यौनचिह्नहरू विकसित हुने कुरा त तपाईंलाई थाहै हुनुपर्छ।

**तीनमहिने सुईले कसरी काम गर्छ ?**

तीन महिने (डिपो) लाई नेपालमा संगिनी सुईको नाममा बजारमा किन्न पनि पाइन्छ। यसमा प्रोजेस्टेरोनजस्तै रसायन हुन्छ, जसलाई depot-medroxyprogesterone acetate (DMPA) भनिन्छ। यसको सुई लिइसकेपछि DMPA ले आफ्नो प्रभाव शरीरमा पार्न थाल्छ। DMPA ले Follicular Stimulating Hormone र Luteinising Hormone हरूको मात्रा बढ्न दिँदैन, जसले गर्दा डिम्ब परिपक्व हुने र निष्कासन हुने प्रक्रिया नै हुँदैन। डिम्ब नै ननिस्किएपछि गर्भ रहने कुरा भएन। यसले पाठेघरको मुखको रसलाई बाक्लो बनाई शुक्रकीटलाई पाठेघरभित्र प्रवेश गर्न कठिन बनाइदिन्छ र पाठेघरको भित्री भागलाई पातलो बनाई गर्भरोपणमा पनि कठिनाइ उत्पन्न गर्छ।

संगिनी अर्थात् तीनमहिने सुई लिएपछि केही समय ढिला हुने भए पनि गर्भधारण हुने गर्छ। अध्ययनहरूका अनुसार यस्तै महिनामा सामान्यतया गर्भ रहने गरेको भेटिएको छ।

**के तीन महिने सुईले वीर्य बाहिर निस्कने पारेको हो ?**

पक्कै नै होइन, यो कुरा त तपाईंले कसरी संगिनी अर्थात् तीन महिने सुईले कार्य गर्छ भन्ने कुराबाट थाहा पाइसक्नुभयो होला।

यौनसम्पर्कका बेलामा पुरुषले वीर्यलाई योनिमा राख्छ। यही वीर्यमा नै शुक्रकीट हुन्छ। यो वीर्य सबै नै पाठेघरमा जाने होइन। वीर्य शरीरबाहिर निस्किएको केही बेरपछि पातलिन्छ। यही वीर्यमा भएका करोडौं शुक्रकीटमध्ये केही शुक्रकीट पाठेघरको मुख हुँदै पाठेघर र त्यसपछि डिम्बबाहिनी नलीमा पुग्छन्। यौनसम्पर्कको बेला धेरै निस्किएको योनिरस, स्खलित वीर्य योनिद्वारतिरबाट बाहिर आउँछ नै, त्यसैले आत्तिनु पर्दैन। यो सामान्य कुरा हो। यौन उत्तेजनाको बेलामा महिलाको योनिबाट पनि प्रशस्त रस निस्कन्छ।


डिम्बवाहिनी नलीमा पुगेका शुक्रकीटमध्ये त्यहाँ परिपक्व भएको डिम्ब (अण्डा) सँग एकको मात्र मिलन हुन्छ र गर्भधारणको प्रक्रिया अघि बढ्छ। गर्भ रहनु तथा त्यसले निरन्तरता पाएर प्रसवको स्थितिसम्म पुग्नमा धेरै कुराका तालमेल मिल्नुपर्ने हुन्छ। गर्भधारण गर्न खोजेर पनि १ वर्षसम्म सफल हुन नसकेपछि त्यसको कारण खोजीनिती गर्नु आवश्यक हुन्छ। कतिपय कारण पुरुषसँग सम्बन्धित हुन्छ, कतिपय कारण महिलासँग भने कतिपय दुवैसँग। त्यसैले यसको सन्तान जन्माउन अप्ठ्यारो परेको समस्याको निदान र उपचारका लागि स्त्रीरोग विशेषज्ञसँग सम्पर्क राख्नुपर्ने हुन्छ।

**योनि किन पोलेको होला ?**

हुन त तपाईंले श्रीमान्को वीर्यबाहिर निस्किएपछि तपाईंको पनि निस्कने कुरा गर्नुभएको छ। यसको अर्थ तपाई यौन उत्तेजित हुँदा योनिबाट प्रशस्त मात्रामा रस आएको हुनुपर्छ, तर महिलामा आवश्यक यौन उत्तेजना नभए योनिबाट पर्याप्त रस आउँदैन। अति नै विरलै भए पनि कसै-कसैलाई केही हार्मोनयुक्त औषधीको प्रयोगले पनि यस किसिमको सुख्खापन गराउन सक्छ। अहिले संगिनी सुई वा अन्य कुनै औषधी लिनुभएको उल्लेख नहुनाले यसलाई कारण मान्ने कुरा पनि भएन। कतिपय महिलाले यौनसम्पर्कका बेलामा योनि सुख्खा हुने हुँदा दुख्ने वा पोल्ने समस्या झेलिरहेका हुन्छन्, जसलाई कुनै किसिमको चिल्लो पदार्थको प्रयोग गरेर समस्यालाई कम गर्न सकिन्छ। यसका लागि भ्यासेलिन वा त्यस्तै कुनै तेलयुक्त चिल्लो पदार्थ प्रयोग गर्न सकिन्छ।

कन्डमको प्रयोग गरिएको बेला भने भ्यासेलिन वा यस्तै तेलयुक्त चिल्लो पदार्थले कन्डमलाई नोक्सानी गर्ने कुरालाई बिसर्नुहुन्न। पानीमा आधारित चिल्लो पदार्थ (K-Y jelly) प्रयोग गर्दा कन्डमलाई हानि पुग्दैन। कतिपयले थूकलाई राम्रो विकल्पका रूपमा प्रयोग गर्ने गरेका हुन्छन्।

# मध्यमस्तरको जनशक्ति उत्पादन गर्दैछ, सिटिइभिटी



### प्राविधिक तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत सञ्चालित प्राविधिक शिक्षालयहरू

| शिक्षालयहरू | विषय र भर्ना क्षमता | प्रमाणपत्र र भर्ना समय |
|---|---|---|
| बालाजु प्राविधिक शिक्षालय, काठमाडौं | विद्युत्-३५, स्यानिटेसन-३५मेकानिकल-३५विद्युत् डिप्लोमा-३५ | टी-एसएलसी-असार साउन डिप्लोमा- असार |
| पनौती प्राविधिक शिक्षालय, पनौती | अटोमोबाइल-२४ | टीएसएलसी- मंसिर |
| लाहान प्राविधिक शिक्षालय, लाहान | कृषि-४८निर्माण-४८मेकानिकल-२४ डिप्लोमा निर्माण-४८ | टीएसएलसी- मंसिर डिप्लोमा- असार |
| जिरी प्राविधिक शिक्षालय, जिरी | कृषि-४०निर्माण-४०स्वास्थ्य (एएनएम-३०) | टीएसएलसी-मंसिर |
| उत्तरपानी प्राविधिक शिक्षालय, धनकुटा | जेटिए, भिजेटीए, कृषि-५० | टीएसएलसी र सिनियर टेक्निसियन डिप्लोमा- मंसिर |
| व्यावसायिक तालिम केन्द्र, विराटनगर | कृषि- जेटिए-४० अनमि-४०, आयुर्वेद-४० | टीएसएलसी- साउन, मंसिर |
| कर्णाली प्राविधिक शिक्षालय, जुम्ला | कृषि-३२ निर्माण-३२ स्वास्थ्य-३२ (सिएमए) | टिएसएलसी- मंसिर |
| भेरी प्राविधिक शिक्षालय, नेपालगन्ज | विद्युत्-३२, इलेक्ट्रोनिक्स-२४, इलेक्ट्रिकल डिप्लोमा-२४, कम्प्युटर-२४, निर्माण-२४, रेफ्रिजेरेसन र एसी-१४, अफिस व्यवस्थापन-३०, जनरल मेकानिक्स-१६ | टीएसएलसी- मंसिर डिप्लोमा- असार |
| राप्ती प्राविधिक शिक्षालय, दाङ | जेटिए-४४, निर्माण-४४, सिएमए-४०, स्वास्थ्य-४४, कृषि डिप्लोमा-४० | टीएसएलसी- मंसिर डिप्लोमा-असार |
| धौलागिरि प्राविधिक शिक्षालय, मुस्ताङ | बेकिङ कुकिङ-१२, होटल म्यानेजमेन्ट-१२, भिजेटिए-३० | तालिम प्रमाणपत्र र टिएसएलसी-असार |
| पोखरा पर्यटन तालिम केन्द्र, पोखरा | कुकिङ-१६, बेकिङ-१६ | तालिम प्रमाणपत्र अनुरोधअनुसार |
| तानसेन नर्सिङ स्कुल, तानसेन पाल्पा | नर्सिङ-४० | डिप्लोमा- असार |
| स्कुल अफ हेल्थ साइन्स, भरतपुर | एचए-६२, ल्याब-३०, फार्मेसी-४० | डिप्लोमा- असार |
| ने.-भा. मैत्री बहु प्राविधिक संस्था, हेटौंडा | हाउस वायरिङ-१२, मोटर वाइरिङ-१२, ल्याम्पिङ-१२ | प्रमाणपत्र- अनुरोधअनुसार |
| सेती प्राविधिक शिक्षालय, डोटी | कृषि-३०, स्वास्थ्य-३०, अनमी-३०, निर्माण-३० | टीएसएलसी- मंसिर डिप्लोमा- असार |
| ग्रामीण तालिम केन्द्र भिमाद, तनहुँ | स्थानीय आवश्यकताअनुसार | प्रमाणपत्र अनुरोधअनुसार |
| ग्रामीण तालिम केन्द्र, सिमपानी, लमजुङ | स्थानीय आवश्यकताअनुसान | प्रमाणपत्र- अनुरोधअनुसार |
| प्रा. प्र. प्र. प्रतिष्ठान, सानोठिमी, भक्तपुर | प्रशिक्षक प्रशिक्षण (सबै क्षेत्र तह)-२० | बी.टेक एन्ड प्रमाणपत्र- अनुरोधअनुसार वर्षैभरि |

**नोट : बालाजु प्राविधिक शिक्षालय, बालाजु काठमाडौंमा बाहेक सबै ठाउँमा छनौट प्रक्रिया प्रवेश परीक्षाको आधारमा गरिन्छ।**

केही समयअघिसम्म प्राविधिक शिक्षाको सीपबाट स्वरोजगारी सिर्जना गरी उद्यमशीलता बढाउने व्यक्तिलाई समाजले उपेक्षाको दृष्टिकोणले हेर्थ्यो। सरकारी सेवा, उद्योगधन्दालाई मात्र समाजले उत्तम श्रेणीको कर्मका रूपमा लिन्थ्यो। एकातर्फ बढ्दै गएको बेरोजगारीको स्थिति अर्कातर्फ विनासीपको शैक्षिक योग्यता बोकेका शैक्षिक बेरोजगारको संख्या उल्लेख्य रूपमा बढिरहेको अवस्थामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) ले सीपमूलक व्यावहारिक तथा शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको छ।

'नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमबाट उत्पादित स्नातकहरूको रोजगारी दरलाई आधार मानेर राष्ट्रिय रोजगार बजारको संरक्षण गर्नेतर्फ लागेका छौं,' सानोठिमीस्थित सिटिइभिटीका प्रशासकीय प्रमुख रामस्वरूप सिन्हाले साप्ताहिकसँग भने- 'सुरुमा सिटिइभिटी निम्न तथा मध्यम स्तरको जनशक्ति उत्पादनमा केन्द्रित थियो, उच्च स्तरको जनशक्ति उत्पादन गर्ने दायित्व हुँदाहुँदै पनि सकिएको थिएन तर विकसित राष्ट्रहरूमा त्यस्तो ट्रेन्ड देखेपछि अन्तर्राष्ट्रिय मापदण्डअनुसार २०६३ सालको ऐन संशोधनले उच्च स्तरको जनशक्ति निर्माण गर्ने अधिकार दिएको छ। यसका लागि गठित कार्यदलको तीन महिनाभित्र सरकारलाई आफ्नो प्रतिवेदन पेस गर्दैछ।

सिटिइभिटीले अहिलेसम्म एसएलसी सरहका तालिम कार्यक्रम सञ्चालन गर्न १ सय ७ वटा शैक्षिक संस्थालाई सम्बन्धन दिएको छ। जसमध्ये ११ वटा शैक्षिक संस्थाले डिप्लोमा स्तरको अध्यापन पनि गराउँछन्। यो वर्षमात्रै प्राविधिक एसएलसीसरह तालिम कार्यक्रमका लागि २० देखि २५ संस्थालाई सम्बन्धन दिने योजना छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँच नपाएर कुनै पनि नेपाली नागरिकले बेरोजगार बस्न नपरोस् भन्ने लक्ष्य राखेको सिटिइभिटीले प्राविधिक क्षेत्रमा २० तथा व्यावसायिक क्षेत्रमा १५ वटा प्राविधिक शिक्षालय सञ्चालन गरेको छ। त्यस्तै सिटिइभिटीका आफ्नै १७ वटा बहुप्राविधिक शिक्षालय छन्। परिषद्अन्तर्गतका शिक्षालयमा कुल भर्ना क्षमता १ हजार २ सय विद्यार्थी छ भने निजी प्राविधिक संस्थाहरूको कुल भर्ना क्षमता ८ हजार ५ सय छ।

परिषद्ले सम्बन्धन दिएका कलेजहरूको हकमा सहजकर्ताको भूमिका खेल्दै आएको छ। पाठ्यक्रम महाशाखाका प्रमुख शिवशंकर घिमिरेका अनुसार शैक्षिक संस्थाको कार्यक्रमको गुणस्तर बढाउन प्राविधिक सहयोग प्रदान गर्ने काम सिटिइभिटीको हो। सिटिइभिटीले डिप्लोमा तहको अध्यापनका लागि आवश्यक पर्ने पूर्वाधारहरूको व्यवस्थापन तथा अनुगमनमा पनि त्यत्तिकै ध्यान दिँदै आएको छ। सिटिइभिटीले सञ्चालन गरेका डिप्लोमा स्तरका सबै पाठ्यक्रम त्रिभुवन विश्वविद्यालयसँग मिल्ने भएकाले यो पाठ्यक्रम अध्ययन गरेकाले उच्चशिक्षा हासिल गर्न पाउने व्यवस्था पनि लागू भैसकेको छ।

पाठचक्रम महाशाखाका प्रमुख घिमिरेका अनुसार प्राविधिक संस्थाहरूले तीन प्रकारको तालिम प्रदान गर्छन्। ती हुन्- छोटो अवधिको तालिम, प्राविधिक एसएलसी तथा डिप्लोमा कार्यक्रम। परिषद्का क्रियाकलापहरू सम्पादन गर्न परिषद्भित्र दसवटा महाशाखा सञ्चालित छन् तर यति हुँदाहुँदै पनि सिटिइभिटीले थोरै लगानीमा जनशक्ति उत्पादन गर्न सकेको छैन। सरकारले प्राविधिक जनशक्ति उत्पादन गर्ने विषयमा ध्यान नदिएकाले यस्तो भएको सिटिइभिटीको तर्क छ।

सिटिइभिटीको प्राविधिक शिक्षालय बहुप्राविधिक संस्था, ग्रामीण तालिम केन्द्र तथा प्राविधिक प्रशिक्षण (प्रा.प्र.प्र.) बाट बर्सेनि १ हजार २ सय व्यक्तिले तालिम प्राप्त गर्छन्। छोटो अवधिका विभिन्न व्यावसायिक तालिमबाट बर्सेनि ६ हजार व्यक्तिले तालिम प्राप्त गर्छन्। विगत १० वर्षमा सिटिइभिटीबाट प्राविधिक एसएलसी स्तरमा ३४ हजार ५ सय २० जनशक्ति उत्पादन भएका छन्। डिप्लोमा स्तरमा २ हजार ७ सय ६ जनाले अध्ययन पूरा गरेका छन्।

परिषद्को स्रोतबाट सञ्चालित शिक्षालयहरूमा वार्षिक १२ सय विद्यार्थीलाई अध्यापन गराउने क्षमता छ। निजी शिक्षालयहरूले पनि साढे ६ हजार विद्यार्थीलाई अध्ययन-अध्यापन गराइरहेको परीक्षा महाशाखाका निर्देशक रमेश पौडेल बताउँछन्।

सिटिइभिटीले तीन किसिमका प्राविधिक शैक्षिक कार्यक्रम चलाउँदै आएको छ। जसमा आवश्यकताअनुसार निरक्षरदेखि साक्षरसम्मलाई छोटो एवं लामो प्राविधिक तालिम, एसएलसी अनुत्तीर्णका लागि प्राविधिक एसएलसी स्तरको प्राविधिक एसएलसी कार्यक्रम तथा एसएलसी उत्तीर्णका लागि डिप्लोमा तहका कार्यक्रम छन्।

सूचना तथा अनुसन्धान महाशाखाका उपनिर्देशक लेखरत्न शाक्यका अनुसार परिषद्का आफ्नै शिक्षालय तथा सम्बन्धनप्राप्त कलेजहरूमा एसएलसी अनुत्तीर्ण अथवा टेस्ट परीक्षा उत्तीर्ण गरेका विद्यार्थीबाट प्राविधिक एसएलसीका लागि भर्ना आवेदन लिइन्छ। जसमा अनमी, अहेवजस्ता स्वास्थ्यसम्बन्धी विषय तथा सबओभरसियर, आर्किटेक्चरजस्ता निर्माणसम्बन्धी विषय छन्। त्यसका लागि निश्चित कोटामा प्रवेश परीक्षा उत्तीर्ण विद्यार्थीहरूले अध्ययन गर्न पाउँछन्। उक्त प्राविधिक तालिम पूरा गर्न एसएलसी अनुत्तीर्णलाई २ वर्ष लाग्छ भने उत्तीर्णहरूका लागि १५ महिना लाग्छ।

विद्यार्थीले भर्नाका लागि छनौट हुन अंग्रेजी, विज्ञान, गणितजस्ता विषयमा केन्द्रित रहेर प्रवेश परीक्षा दिनुपर्छ। यसका साथै एसएलसी उत्तीर्णका लागि अधिकांश प्राविधिक कलेजमा कृषि, स्वास्थ्य तथा निर्माणसम्बन्धी विषय पनि अध्यापन गराइन्छ। केही प्राविधिक क्याम्पसले एसएलसीपछि तीनवर्षे डिप्लोमा स्तरमा मेकानिकल, नर्सिङ, हेल्थ असिस्टेन्ट आदि विषयमा पनि अध्यापन गराउँछन्। जुन डिप्लोमा स्तर अर्थात् प्रवीणता प्रमाणपत्र उत्तीर्ण गरेसरह हुन्छ। यसका लागि पनि सिटिइभिटीले प्रत्येक वर्ष विभिन्न विषयमा आवेदन माग गर्छ।

डिप्लोमा स्तरका विषयमा आवेदन दिन एसएलसी वा सो सरहको परीक्षामा अंग्रेजी विज्ञान तथा गणित विषय लिई कम्तीमा ५० प्रतिशत अंक प्राप्त गरेकै हुनुपर्छ भने कृषिका लागि ४५ प्रतिशत अंक प्राप्त गरेकै हुनुपर्छ। डिप्लोमाभन्दा तल्लो तहको तालिमका लागि छुट्टा-छुट्टै विषयमा अलग-अलग प्रावधान छ। आवेदन दिएका विद्यार्थीहरूले अंग्रेजी, गणित तथा विज्ञानको वस्तुगत परीक्षा दिनुपर्छ। त्यसमा छनौट भएका विद्यार्थीहरू भर्नाका लागि योग्य ठहरिन्छन्।

सिटिइभिटीले सम्बन्धन दिएका विषय स्टाफ नर्स, एचए, फार्मेसी, डेन्टल, कम्प्युटर, इलेक्ट्रोनिक सर्भेइङ, सिभिल, मेकानिकल इन्जिनियरिङ, फुड टेक्नोलोजी, मेकानिकल, अप्थाल्मिक साइन्स आदि हुन्। यस्तै प्राविधिक एसएलसीका लागि १ सय ७ वटा संस्थालाई सीएमए, जेटिए, इलेक्ट्रिकल, मेकानिकल, अनमी, ल्याब, एएएजडब्लु, सामूहिक ओरल, हाइजेनिस्ट, सोसल मोबिलाइजर, अफिस जिएमएम, जुनियर कम्प्युटर टेक्निसियनजस्ता विषयमा सम्बन्धन दिइएको छ।

जसमध्ये ११ वटा काठमाडौंमा सञ्चालित छन् जहाँ अध्ययनका लागि एसएलसीमा न्यूनतम् ५५ प्रतिशत ल्याउनुपर्ने हुन्छ। यसबाहेक छोटो अवधिको प्राविधिक तथा व्यावसायिक तालिमका लागि ३८ वटा संस्थालाई सम्बन्धन दिइएको छ। जसमध्ये १७ वटा कलेज काठमाडौंमा सञ्चालित छन्। सिटिइभिटीले तयार पारेको पाठ्यक्रम प्रत्येक पाँच वर्षमा सामान्य परिमार्जन तथा दस वर्षमा पूर्ण परिमार्जन हुन्छ।

### विद्यालयको आफ्नै स्रोतबाट सञ्चालित एनएक्स कार्यक्रममा सञ्चालित विद्यालय- शिक्षालयहरू

| विद्यालय | विषय | भर्ना क्षमता |
|---|---|---|
| त्रिभुवन उ.मा.वि., नवलपरासी | इलेट्रिकल र सब ओभरसियर | ४० |
| जनप्रिय मा.वि., मकवानपुर | भिटेजिए | ४० |
| जनता मा.वि., रुपन्देही | जेटिए | ४० |
| बराह मा.वि., कास्की | भिटेजिए | ४० |
| सरस्वती मा.वि., खोटाङ | जेटिए | ४० |

**एनएक्स कार्यक्रम**

सिटिइभिटीअन्तर्गत रहेका सीमित संख्याका विद्यालयले लक्षित समूहको ठूलो हिस्सालाई समेट्न नसक्ने तथा निजी क्षेत्रका शिक्षालयहरूको महँगो शुल्कका कारण राम्रो विषय अध्ययन गर्न नसक्ने तथा पिछडिएका वर्ग सीपविकासको अवसरबाट वञ्चित हुनुपर्ने अवस्थामा प्राविधिक तथा व्यवस्थित तालिमलाई लक्षित समूहको घरदैलोमा पुऱ्याउने आवश्यकता महसुस गरी वि.सं. २०५९ सालमा एनएक्स कार्यक्रम ल्याइएको सिटिइभिटी एनएक्स एकाई प्रमुख ईश्वरीदत्त भट्ट बताउँछन्।

### एसएलसी अनुत्तीर्णहरूका लागि एनएक्स कार्यक्रम सञ्चालन भैरहेका विद्यालय

| विद्यालय | कार्यक्रम/भर्ना क्षमता | अवधि |
|---|---|---|
| जालपादेवी उ.मा.वि., पाख्रिबास | सिभिल सबओभरसियर-४० | २९ महिना |
| विन्देश्वरी मा.वि. राजविराज | इलेक्ट्रिकल सबओभरसियर-४० | २९ महिना |
| आदर्श स्कुल, विराटनगर | आईटी-३० | १५ महिना |
| जनज्योति उ.मा.वि., लालबन्दी | आईटी-३० | १५ महिना |
| जुद्ध मा.वि. गौर, रौतहट | आईटी-३० | १५ महिना |
| महेन्द्रोदय उ.मा.वि., रामेछाप | सिभिल सबओभरसियर-४० | २९ महिना |
| शान्ति नमुना स्कुल, रूपन्देही | मेकानिकल सबओभरसियर-२४ | २९ महिना |
| पवित्रा मा.वि., डुम्रे, तनहुँ | सिभिल सबओभरसियर-४० | २९ महिना |
| देवकोटा उ.मा.वि., सुनवल | अटोमेकानिकल सबओभरसियर-२४ | २९ महिना |
| पद्मोदय उ.मा.वि., घोराही | इलेक्ट्रिकल सबओभरसियर-४० | २९ महिना |
| त्रिभुवन मा.वि., कोहलपुर | आईटी-३० | १५ महिना |
| गुराँस मा.वि., बर्दिया | कृषि जेटिए-४० | १५ महिना |
| श्रीकृष्ण उ.मा.वि., कञ्चनपुर | कृषि जेटिए-४० | २९ महिना |
| पञ्चोदय मा.वि., धनगढी | इलेक्ट्रिकल सबओभरसियर-४० | २९ महिना |
| वीरेन्द्र उ.मा.वि., बैतडी | आईटी-३० | १५ महिना |

यो कार्यक्रममा वि.सं. २०६२ सालमा ८ सय ५ विद्यार्थी सम्मिलित थिए भने यस वर्ष ७ सय ९० विद्यार्थी सम्मिलित छन्। कम लागतमा लक्षित समुदायको आर्थिक तथा भौगोलिक पहुँचभित्र पुऱ्याई विपन्न वर्ग, पिछडिएका जनजाति, उत्पीडित वर्ग तथा महिलालाई तालिम कार्यक्रमको अवसर सुलभ बनाउन यो कार्यक्रम प्रभावकारी भएको भट्टको जिकिर छ।

त्यस्तै स्रोत-साधनसम्पन्न साधारण माध्यमिक विद्यालयहरूको विद्यालय व्यवस्थापनमा परिवर्तन नगरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गरिएको छ। परिषद्मार्फत् सञ्चालनमा रहेका १५ वटा विद्यालयमा यस्ता एनएक्स कार्यक्रम सञ्चालित छन् भने परिषद्बाट सम्बन्धन प्राप्त गरी निजी स्रोतबाट यो कार्यक्रम ६ वटा विद्यालयमा सञ्चालन भैरहेको छ। प्राविधिक अधिकृत नीराजन आचार्यका अनुसार एनएक्स कार्यक्रममा पनि सूचना प्रविधि (आईटी) विषयमा भने एसएलसी उत्तीर्णलाई अध्यापन गराइन्छ।

**सीप परीक्षण**

सिटीइभिटीले विभिन्न व्यवसाय, पेसा तथा तहको सीप प्रमाणित गर्दै सीपको वर्गीकरण गर्ने तथा सीपको स्तर तर्जुमा गरी प्रमाणपत्र उपलब्ध गराउँदै आएको छ। अनौपचारिक रूपले हासिल गरेको सीप परीक्षण गर्न इच्छुक व्यक्तिहरू सीप परीक्षण महाशाखा, सानो ठीमीमा सम्पर्क गर्न सक्छन्।

विभिन्न ८८ विषयमा अहिलेसम्मको तथ्यांक हेर्दा १ लाख ८ हजार ३ सय ७५ व्यक्तिले सीप परीक्षण गराइसकेका छन्। सीप परीक्षण महाशाखाका प्रमुख चन्द्रभक्त नकर्मी भन्छन्- 'यसले व्यक्तिअनुसार नेपालको परिप्रेक्ष्य सुहाउँदो व्यावसायिक वर्गीकरण कोष तयार पारी औद्योगिक कामदार एवं सीपयुक्त अन्य व्यक्तिहरूको वृत्तिविकासमा अवसर प्रदान गर्छ।' नकर्मीका अनुसार २०४० सालमा राष्ट्रिय सीप परीक्षणमार्फत दिइने योग्यताको प्रमाणपत्रको पनि तह निर्धारण गरिएको हुन्छ। मुखियासरहका लागि लेभल वान, खरिदारका लागि लेभल टु, प्राविधिक नासुका लागि लेवल थ्री तथा प्राविधिक अधिकृतका लागि लेवल फोर प्रमाणपत्र प्रदान गरिन्छ।

**शुल्क**

सिटीइभिटीले आफैं सञ्चालन गरेका बाहेक अन्य प्राविधिक कलेजमा विभिन्न विषयका लागि विभिन्न शुल्क निर्धारण गरिएको हुन्छ। सम्बन्धनप्राप्त प्राविधिक क्याम्पसले आफ्नो शुल्क आफैं निर्धारण गर्न पाउँछन्। हामीले निर्धारण गरेको मापदण्डअनुसार सबै प्रक्रिया पूरा गरेपछि मात्र सम्बन्धन दिन्छौं तर त्यसका लागि सरकारले समावेशी वर्गको पहुँचभित्र पुऱ्याउने कार्यक्रम ल्याउनुपर्छ जसका लागि रेन्ज तोकिनुपर्छ, स्तर निर्धारण महाशाखा प्रमुख कुलबहादुर बस्नेत बताउँछन्।

**– संगीता कटुवाल**



















RED-HOT SUMMER ISSUE
AMANDA
BEARD
NUDE
CALL GIRL
IN VEGAS





